ग्राहक प्रति

www.abhiyandaily.com

वर्ष २० | अंक १३० | काठमाडौं | आइतवार, २७ माघ २०८१ | Sunday, 9 February 2025 | पृष्ठ ८+४ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

आइएमई लाइफलाई तीन विधामा इमर्जिङ एशिया अवार्ड ३

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा ४

'कृषि क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकार अगाडि बढेको छ' ९

क्षेत्र निर्धारण गरेर फोहोर व्यवस्थापन गर्दै कामपा १२

पाथीभरा केबलकार विवाद

## स्थानीयको आस्थामाथि घात हुँदैन : लगानीकर्ता

**अभियान संवाददाता**

काठमाडौं

ताप्लेजुङमा रहेको पाथीभरा मन्दिरसम्म निर्माण हुन लागेको केबलकारबारे स्थानीयभन्दा बाहिरका मान्छेले सामाजिक सञ्जालहरूमा दुष्प्रचार गरेको निर्माता कम्पनी आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् ।

उक्त केबलकार बनाउँदा मन्दिरको ऐतिहासिकता र पहिचान गुम्ने तथा लिम्बूहरूको आस्थामाथि चोट पुग्ने भन्दै स्थानीय विभिन्न संघसंस्थाले परियोजना निर्माणको विरोधमा आन्दोलन चलाएका छन् । हाल आन्दोलनकारीसँग सरकारले ६ बुँदे सम्झौता गरेपछि निर्माणको काम रोकिएको छ र आइतवारबाट पुन: वार्ता हुने भएको छ ।

अर्को चरणको वार्ता तोकिएको १ दिनअघि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका ढकालले स्थानीयभन्दा जिल्लाबाहिर वा मुलुकबाहिर बस्नेहरूले बन्न नहुने भनी सामाजिक सञ्जालमार्फत अस्वाभाविक चासो राखेको उनले बताए । 'हामी आयोजना निर्माणस्थल तथा समग्र ताप्लेजुङ जिल्लावासीका भावना र आवश्यकताको नजिकमा छौं । हामीलाई स्थानीयको आवश्यकताबारे पूर्णरूपमा जानकारी रहेकाले केबलकार नबनाउने भन्ने जिल्लाबाहिर तथा देशबाहिरका विषयले अनावश्यक चर्चा पाइरहेकोमा दुःख लागिरहेको छ,' ढकालले पत्रकार सम्मेलनमा भने, 'विकासका काममा यस्तो वादविवाद देखिनु राम्रो होइन । यस्ता कार्यले देशमा आगामी दिनमा हुने निजी लगानीलाई नै निरूत्साहित गर्ने काम गर्छ ।'

आफूले नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षका रूपमा संसारभर नेपालमा लगानी गर्न आग्रह गरिरहेका बेला यो परियोजनामा भएको अवरोधले विश्वव्यापी रूपमै नकारात्मक सन्देश जाने पनि उनले बताए ।

» बाँकी पृष्ठ ५ मा

# फलामे स्ल्यागको भुटान निकासी बन्द

### पहिले वस्तु वर्गीकरणको २६१८.०० एचएस कोडमा रहेको फलामको स्ल्यागलाई एचएस कोड ७२०४.४१ अन्तर्गत राखिएपछि यसको निकासी ठप्प

**वेदराज पौडेल**

विराटनगर

वस्तु वर्गीकरणको हार्मोनाइज्ड सिस्टम कोड (एचएस कोड) हेरफेर गरिएपछि नेपालका २० ओटा फलाम उद्योगबाट निस्किएको ६० हजार मेट्रिक टन फलामको स्ल्याग/धूलो भुटान निकासी रोकिएको छ । एउटा उद्योगले २ देखि ३ करोड रुपैयाँ बराबरको फलामको स्ल्याग निकासी गर्दै आएको थियो । फलामको बिलेटलाई तताएर पिट्दा निस्कने पातलो पाप्रा स्ल्याग हो । नेपालमा यसको उपयोग हुँदैन । तर, भुटानले सिमेन्टमा प्रयोग गर्न नेपाल, भारत र बंगलादेशबाट स्ल्याग आयात गर्ने गरेको छ ।

पहिले २६१८.०० एचएस कोडबाट निकासी हुँदै आएको फलामको स्ल्यागको कोड परिवर्तन गरी भन्सार विभागको वर्गीकरण तथा पुनरवलोकन शाखाले ७२०४.४१ कायम गरेपछि उद्योगहरूबाट भइरहेको यसको निकासी ठप्प भएको हो । नेपाल फलामे छड उत्पादक संघले मेची भन्सार कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाउँदै पुरानै एचएस कोडअन्तर्गत निकासी गर्न पाउनुपर्ने माग राखेको छ ।

एचएस कोड २६१८.०० मा परेको वस्तु निकासी गर्दा भन्सार लाग्दैन । परिवर्तन गरिएको कोड नम्बर ७२०४.४१ बाट गर्दा प्रतिकिलो १० रुपैयाँ भन्सार तिर्नुपर्छ । जबकि यसको मूल्य नै प्रतिकिलो ६ रुपैयाँ रहेको मोरङ व्यापार संघका अध्यक्ष अनुपम राठीले बताए । यहाँ प्रयोग नहुने उक्त वस्तुलाई यहाँ फोहोर मानिने र त्यसको व्यवस्थापन नै समस्याका रूपमा रहेको उनले बताए । सरकारले निकासीमा त्यस्ता वस्तुलाई झन् प्रोत्साहन गर्नुपर्नेमा एचएस कोड नै परिवर्तन गरी भन्सार शुल्क लागू गर्नु अनुचित भएको राठीको धारणा छ ।

नेपाल फलामे छड उत्पादक संघका अध्यक्ष तथा अम्बे स्टीलका सञ्चालक हरि



- वार्षिक ६० हजार टनसम्म निकासी भएको सरकारी तथ्यांक
- नेपालमा प्रयोग नहुने उक्त वस्तुलाई यहाँ फोहोर मानिन्छ र व्यवस्थापन गर्नै समस्या
- प्रतिकिलो ६ रूपैयाँ मूल्यको फलामे स्ल्याग निकासी गर्दा प्रतिकिलो १० रूपैयाँ भन्सार
- एचएस कोड सच्याएर निकासी सुचारू हुने वातावरण बनाउन फलाम उद्योगीको माग

न्यौपानेले उद्योगले फ्याँक्नुपर्ने र राज्यले सफा गर्नुपर्ने वस्तुको निकासीबाट थोरै भए पनि उद्योगहरूले विदेशी मुद्रा आर्जन गरिरहेकोमा मूल्यभन्दा बढी राजस्व राखेर निरुत्साहित गर्न नहुने बताए । आफूहरूले एचएस कोड सच्याएर निकासी सुचारु गराउन मेची भन्सार कार्यालयलाई ध्यानाकर्षण पत्र पठाए पनि समस्या समाधान नभएको उनले उल्लेख गरे ।

मेची भन्सार कार्यालयका प्रमुख राजेन्द्रप्रसाद चुडालले फलाम उद्योगीले बुझाएको पत्र सक्कलै आफूले भन्सार विभाग पठाएको तर त्यसको कार्यान्वयनको जानकारी नआएको उल्लेख गरे । विगतमा गइरहेको वस्तु अहिले रोकिनुपर्ने जस्तो नदेखिएको उनको भनाइ छ ।

मेची भन्सार कार्यालयबाट आर्थिक वर्ष (आव) २०७९/८० मा फलामको स्ल्याग/धूलो शीर्षकमा ३५ करोड ९२ लाख ६२ हजार रुपैयाँ मूल्यको २३ हजार ८६० मेट्रिक टन र आव २०८०/८१ मा ३४ करोड ५९ लाख १ हजार रुपैयाँ मूल्यको २४ हजार ५२३ मेट्रिक टन फलामको पाप्रा/स्ल्याग निकासी भएको भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ । अघिल्लो आवमा भन्दा ६६३ मेट्रिक टनले निकासी घटेको छ ।

विराटनगर भन्सार कार्यालयका प्रमुख ज्ञानेन्द्रराज ढकालले उद्योगी व्यवसायीले समयमै जानकारी गराएको भए सच्याउन सकिने अवस्था रहेको तर अब भने केही समय कुर्नुपर्ने बताए ।

» बाँकी पृष्ठ ५ मा

# किन घट्यो संस्थागत आयकर ?

### बैंकहरूको नाफादेखि दूरसञ्चार कम्पनीको आम्दानीसम्म घट्दा संस्थागत आयकर संकलनमा धक्का

**विजय दमासे**

काठमाडौं

सरकारी र पब्लिक लिमिटेड कम्पनीहरूले बुझाएको आयकर स्वात्तै घट्दा सरकारले चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो ६ महीनामा संकलन गरेको जम्मा संस्थागत आयकर घट्न गएको अर्थ मन्त्रालयले बताएको छ ।

संस्थागत आयकर भनेको कम्पनी तथा संस्थाहरूले सरकारलाई बुझाउने आयकर हो । उनीहरूको सञ्चालन मुनाफा राम्रो भएमा आयकर पनि बढ्ने हो । साथै आफ्नो पारिश्रमिकबाट व्यक्तिहरूले पनि पारिश्रमिक कर बुझाउँछन् । प्राइभेट लिमिटेड कम्पनीहरूले बुझाएको आयकरमा उच्च वृद्धि रहेको भए पनि सरकारी र पब्लिक लिमिटेड कम्पनीहरूले बुझाएको आयकर घट्दा समग्र संस्थागत आयकर प्रभावित भएको हो ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन अनुसार चालू आवको पहिलो ६ महीनामा संस्थागत आयकर ११ दशमलव ९० प्रतिशतले घटेको छ । सरकारी कम्पनीहरूबाट प्राप्त आयकर १८ दशमलव १५ प्रतिशत र पब्लिक लिमिटेड कम्पनीबाट प्राप्त आयकर ३५ दशमलव २९ प्रतिशतले घट्दा संस्थागत आयकर घटेको हो । चालू आवको ६ महीनामा जम्मा संकलित आयकरमा पब्लिक लिमिटेड कम्पनी र प्राइभेट लिमिटेड कम्पनीहरूको योगदान लगभग बराबर रहेको छ ।

'दूरसञ्चार क्षेत्रको आम्दानी क्रमशः कम हुनु संस्थागत आयकर घट्नुको एउटा प्रमुख कारण हो,' मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका एक उच्च अधिकारीले आर्थिक अभियानसँग भने, 'साथसाथै, सरकारी संस्थान तथा पब्लिक लिमिटेड कम्पनीको आम्दानीमा गिरावट आउँदा त्यस्तो कर बढ्न सकेको छैन ।'

संस्थागत आयकरको क्षेत्रगत विवरण

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ पुससम्म (रू. अर्ब) | आर्थिक वर्ष २०८१/८२ पुससम्म (रू. अर्ब) | वृद्धिदर |
|---|---|---|---|
| संस्थागत आयकर | ६९.०४ | ६०.८३ | (११.९०) |
| व्यक्तिगत आयकर | ४२.०८ | ५०.९९ | २१.१८ |
| लगानीको आयकर | २४.७२ | २७.३७ | १०.७४ |
| जम्मा | १३५.८५ | १३९.२० | २.४७ |

संस्थागत आयकर संकलन विवरण

| संस्थागत आयकर | आर्थिक वर्ष २०८०/८१ पुससम्म (रू. अर्ब) | आर्थिक वर्ष २०८१/८२ पुससम्म (रू. अर्ब) | वृद्धिदर |
|---|---|---|---|
| सरकारी कम्पनी | ४.३८ | ३.५८ | (१८.१५) |
| पब्लिक लिमिटेड कम्पनी | ४०.५१ | २६.२१ | (३५.२९) |
| प्राइभेट लिमिटेड कम्पनी | १७.१६ | २६.४६ | ३६.६७ |
| अन्य कम्पनी | ६.९८ | ७.५३ | ७.९१ |
| जम्मा | ६९.०४ | ६३.७९ | (११.९४) |

*स्रोत : आव २०८१/८२ बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन*

चालू आवको पहिलो त्रैमासमा नेपाल टेलिकमको कर तिर्नुअघिको नाफा उस्तै देखिन्छ । गत आवको पहिलो त्रैमासमा कम्पनीको यस्तो नाफा ३ अर्ब ३३ करोड रहेकोमा चालू आवको उक्त अवधिमा ३ अर्ब ५५ करोड रहेको छ ।

कम्पनीको दोस्रो त्रैमासको विवरण सार्वजनिक भएको छैन । तर, गत आव २०८१/८२ मा अग्रिम आयकर १ अर्ब ७० करोड मात्र यस कम्पनीले तिरेको थियो । जबकि अघिल्लो आव ४ अर्ब ६२ करोड रुपैयाँ अग्रिम आयकर तिरेको थियो । त्यसैगरी चालू आवको दोस्रो त्रैमासमा बैकहरूको खुद मुनाफा ४ दशमलव ६२ प्रतिशतले घट्यो । २० मध्ये ११ ओटाको नाफा बढ्यो भने ९ ओटाको घटेको तिनीहरूको वित्तीय विवरणले देखाउँछ । बैंकहरूमा अधिक तरलता भए पनि कर्जा विस्तार सुस्त हुँदा उनीहरूको नाफा प्रभावित भएको देखिएको छ ।

'संस्थागत आयकर कम हुनुमा समग्रमा अर्थतन्त्र सुस्त हुँदा कम्पनीहरूको नाफामा गिरावट आउनु हो,' पूर्वमन्त्री तथा अर्थसचिव विद्याधर मल्लिकले भने, 'केही वर्षयता दूरसञ्चार कम्पनीहरूको आम्दानीमा निरन्तर गिरावट आउँदा पनि संस्थागत आयकरमा असर गरेको छ ।' बजेटको अर्धवार्षिक समीक्षाअनुसार बैंक तथा वित्तीय संस्थाहरूले कर्जा विस्तार गर्न नसक्दा ब्याजमा लाग्ने आयकर १४ दशमलव ७० प्रतिशतले घटेको छ । अहिले बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर पनि घटेको अवस्था छ । 'ब्याजमा लाग्ने कर घट्नुको मुख्य कारण बैंक ब्याजको औसत दर निरन्तर घटनु हो,' अर्थ मन्त्रालयका ती अधिकारीले भने । साथै पारिश्रमिक कर पनि २ दशमलव १७ प्रतिशतले घटेको छ । उनका अनुसार पारिश्रामिक आयकर पनि घट्नु गम्भीर विषय हो । यसले देशमा रोजगारीको अवस्था पनि बिग्रिएको संकेत गर्ने उनले बताए ।

**ऋणात्मक देखिएका कर शीर्षक**

- संस्थागत आयकर
- पारिश्रमिक कर
- ब्याजमा लाग्ने कर
- लगानीको आकस्मिक लाभमा लाग्ने कर




नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




सम्पत्ति शुद्धीकरणमा अनुसन्धान

# उजुरीको तुलनामा मुद्दा दर्ता साढे २ प्रतिशत मात्र

**अभियान संवाददाता**

काठमाडौं

सम्पत्ति शुद्धीकरण सम्बन्धमा परेका उजुरीको संख्या बढ्दो रहे पनि मुद्दा दर्ता धेरै कम भएको देखिन्छ । केही वर्षयता नेपालले कानून बनाउने प्रक्रियामा सुधार गरे पनि कार्यान्वयनमा उदासीनता देखाउँदा देश एकपल्ट फेरि सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि मापदण्ड बनाउने अन्तरराष्ट्रिय निकाय फाइनान्सियल एक्सन टाक्स फोर्स (एफएटीएफ)को खैरो (ग्रे) लिस्टमा पर्न सक्ने चेतावनी सरकारी अधिकारीहरूले नै दिएका छन् ।

सन् २०२३ मा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी क्षेत्रीय संगठन एसिया प्यासिफिक ग्रूप अन मनी लाउन्डरिङ (एपीजी)ले पनि कानून कार्यान्वयनमा नेपाल पछि रहेको प्रतिवेदन दिएको थियो । सम्पत्ति शुद्धीकरणमा अनुसन्धान र मुद्दा दर्ता गर्ने जिम्मेवारी पाएको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अधिकांश उजुरीमा अनुसन्धान पूरा गरी मुद्दा दर्ता गर्न नसकेको आफ्नो वार्षिक प्रतिवेदनमा स्पष्ट पारेको छ ।

विभागमा हालसम्म ४ हजार ८३ ओटा उजुरी परेकोमा १०१ ओटा मात्र मुद्दा दर्ता भएका छन् । उजुरीको तुलनामा मुद्दा दर्ताको अंश २ दशमलव ४७ प्रतिशत मात्रै हो ।

उजुरी दर्ता भएपछि त्यसलाई अभियोजनको चरणसम्म पुऱ्याउन लामो अनुसन्धान प्रक्रिया पार गर्नुपर्ने भएकाले मुद्दा दर्ताको संख्या निकै कम देखिएको विभागका प्रवक्ता आत्माराम सत्यालले बताए । अर्कोतर्फ, विभागमा बारम्बार नेतृत्व परिवर्तनले गर्दा पनि यसको प्रभावकारिता कम भएको सरोकारवाला बताउँछन् ।

२०६८ सालमा स्थापना भएयताको ११ वर्षमा विभागमा १७ जना महानिर्देशक आएका छन् । न्यूनतम २ महीनादेखि अधिकतम साढे २ वर्षसम्म महानिर्देशकले काम सम्लाहेको इतिहास छ । अधिकांश महानिर्देशकले केही महीनामात्र विभागको नेतृत्व गरेको देखिन्छ । बलियो निकाय भएकाले सत्ताधारी दलले आफ्नो अनुकूल नेतृत्व राख्ने गरेको आरोप लाग्ने गरेको छ ।

विभागको मात्र अनुसन्धानले सम्पत्ति शुद्धीकरण निवारण प्रभावकारी नभएपछि गत चैतमा सरकारले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ संशोधन गरी नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वन कार्यालय, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय निकुञ्जलगायत १३ ओटा निकायले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान र अभियोजन गर्न पाउने व्यवस्था गरेको छ । यसअघि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मात्र यससम्बन्धी कसुरमा अनुसन्धान गर्न पाउँथ्यो ।

नयाँ कानूनी प्रावधानले गर्दा विभागको काम घट्दै जाने देखिएको छ । विभागका अनुसार सम्पत्ति शुद्धीकरणका उजुरीलाई टुंगोमा पुऱ्याउन सामान्यतया २-३ वर्ष लाग्ने गरेको छ । यसले गर्दा उजुरीको तुलनामा अभियोजनको अवस्था कमजोर देखिएको विभागको वार्षिक प्रतिवेदनमा उल्लेख छ । सम्पत्ति शुद्धीकरणको कसुरमा विभागले सबैभन्दा कम आर्थिक वर्ष (आव) २०६६/६७ र २०७१/७२ मा १/१ ओटा र सबैभन्दा बढी २०७७/७८ मा १४ ओटा मुद्दा दर्ता गरेको देखिन्छ ।

विभागका अनुसार आव २०८०/८१ सम्ममा ३ हजार ३६८ ओटा उजुरीका लागि प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको छ । यसरी तोकिएका जाँचबुझ अधिकृतमध्ये सबैभन्दा बढी आव २०८०/८१ मा सबैभन्दा बढी ५९६ ओटा उजुरी छानबिनका लागि प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएका छन् ।

विभागमा सबैभन्दा बढी व्यक्तिगत स्रोतबाट सम्पत्ति शुद्धीकरणमा उजुरी आउने गरेका छन् । यसबाहेक वित्तीय जानकारी एकाइलगायत निकायबाट आउने गरेको छ । सम्पत्ति शुद्धीकरण निवारणका लागि कानूनी सुधार, अनुसन्धान र कारबाहीको अवस्था कमजोर हुँदा नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्ट (खैरो सूची)मा पर्ने सम्भावना रहेको सरकारी अधिकारीहरूले नै बताउँदै आएका छन् ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी हेर्ने अन्तरराष्ट्रिय छाता संगठन फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) को एशिया प्रशान्त क्षेत्र हेर्ने एशिया/प्यासिफिक ग्रूप अन मनी लाउन्डरिङ (एपीजी) को पारस्पारिक मूल्यांकनमा देखिएका कैफियत सुधार गर्न नेपालले १ वर्ष पाएको थियो । यस अवधिमा नेपालले कानून सुधार गरे पनि फलोअप मूल्यांकनमा नेपालको अवस्था कमजोर औंल्याइएको छ ।




**सम्पत्ति शुद्धीकरणको कसुरमा विभागले सबैभन्दा कम आर्थिक वर्ष २०६६/६७ र २०७१/७२ मा १/१ ओटा र सबैभन्दा बढी २०७७/७८ मा १४ ओटा मुद्दा दर्ता गरेको देखिन्छ ।**

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय
भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं. ०१-४५१३७९४,४५१३८४०

## ऋण कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१०/२७ गते आइतवार)

यस लघुवित्त वित्तीय संस्थावाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामूहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कवुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देज उल्लङघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानून तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेको चलअचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**सुनौलो अवसर : निष्कृय कर्जा अर्न्तगत रहेका कुनैपनि ऋणीले बाँकी कर्जा साँवा, ब्याज एकमुष्ठ भुक्तान गरेमा पाकेको ब्याजमा कमसल वर्गलाई १५%, शंकास्पदलाई २५% र खराब वर्गलाई ५०% छुट दिने ब्यहोरा सूचित गरिन्छ।**

### तपसिल

| क्र.सं. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | ऋणीको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | समुह जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं. | समुह जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | ब्यक्तिगत जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं | ब्यक्तिगत जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) |
|---|---|---|---|---|---|---|---|
| १ | चौलीखा | चन्दा कुमारी,सर्लाही,१९३०४२/१३१६ | रमेश कुमार सिंह/रजन सिंह दनुवार | सुमिन्त्रा देवी कापर,सर्लाही,१९३०५१/१७३६ | नागेन्द्र कापर/रामदेव कापर | जोगिता देवी दनुवार,सर्लाही,१९३०५१/१७२२ | प्रेम कुमार सिंह/रजन सिंह दनुवार |
| २ | चौलीखा | रेशमी देवी,सर्लाही,८३२४२११५ | महिन्द्र सा ठठेरा/लखन सा ठठेरा | सुमिन्त्रा देवी कापर,सर्लाही,१९३०५१/१७३६ | नागेन्द्र कापर/रामदेव कापर | महिन्द्र सा ठठेरा,सर्लाही,६४६५७६० | लखन सा ठठेरा/थाहा नभएको |
| ३ | चौलीखा | शिव कुमारी देवी चौधरी,सर्लाही,१९३०५१/१६८९ | रामनन्दन चौधरी/अनुठा चौधरी | सलिता देवी चौधरी,सर्लाही,१९३०५१/१३१० | अवध नारायण चौधरी/जगत नारायण चौधरी | रामनन्दन चौधरी,सर्लाही,१९३०५१/३९३ | अनुठा चौधरी/थाहा नभएको |
| ४ | चौलीखा | गिता कुमारी थरुनी,सर्लाही,१९३०५१/१५७१ | मिठु चौधरी थारु/अमृत चौ. थारु | देवी कुमारी ठाकुर लोहार,सर्लाही,६०७३२७६५ | छठु ठाकुर/बासु ठाकुर लोहार | दुखा प्रसाद चौधरी,सर्लाही,०६४६५६०९ | अनुप चौधरी/थाहा नभएको |
| ५ | चौलीखा | कल्पना कुमारी चौधरी,सर्लाही,१८२४१६५५ | गोविन्द चौधरी थारु/राजनारायण चौधरी थारु | राधिका कुमारी चौधरी,सर्लाही,१९-०२-७५-०५०१५ | दिनेश चौधरी/टैट चौधरी थारु | गोविन्द चौधरी थारु,सर्लाही,१८२४१६५४ | राजनारायण चौधरी थारु/थाहा नभएको |
| ६ | चौलीखा | राजवती,सर्लाही,२१७/२४१७ | अमृत चौधरी थारु/अनुप चौधरी थारु | बविता देवी चौधरी,सर्लाही,१९-०२-७५-००३१९ | चन्द्रकान्त चौधरी/कल्पनाथ चौधरी | अमृत चौधरी थारु, सर्लाही, २०१० | अनुप चौधरी थारु/थाहा नभएको |
| ७ | चौलीखा | शान्ति कुमारी दुनवार,धनुषा,१७३०४८/८४३ | सुरेश कुमार महतो/शिब नारायण महतो | इन्दु सिंह, सर्लाही,१९३०५१/७८७ | रविन्द्र कुमार सिंह/बैजु प्रसाद सिन्हा | भकेलीया देवी कोइरी,सर्लाही,६६१५०७१४ | शिवशरण महतो/सोधनी महतो |
| ८ | चौलीखा | अमृता कुमारी,सर्लाही,१९३०४२/८४२ | भोलेन्द्र कापर/फौदार कापर केवट | रंजना कुमारी सिंह,सर्लाही,१८० | देवेन्द्र कुमार सिंह/श्रीदेव राय सिंह | सलिता देवी केवट,सर्लाही,१९३०४२/७९४ | सधु केवट/थाहा नभएको |
| ९ | चौलीखा | प्रतिमा कुमारी चौधरी,सर्लाही,१९-०१-७०-०२४७३ | शिवदत चौधरी थारु/पल्टु चौधरी थारु | मीना देवी थरुनी,सर्लाही,०६४६६२२४ | दशु चौधरी थारु/रामगुलाम चौधरी | चन्द्रिका कुमारी,सर्लाही,६० | शिवदत चौधरी थारु/पल्टु चौधरी थारु |
| १० | चौलीखा | कारी देवी राउत,सर्लाही, १९३०५३/५९१ | चन्देश्वर राउत/भिखारी राउत | जयकली देवी राउत,सर्लाही,१९३०५३/१८३७ | योगेन्द्र राउत/भुत राउत | श्यामवावु राउत,सर्लाही,०३५१३६७२ | चन्देश्वर राउत/भिखारी राउत |
| ११ | चौलीखा | अनिता देवी,सर्लाही,४०५२ | श्याम वावु राउत/राम सुन्दर राउत | धनमन्ती देवी राउत,सर्लाही,१९३०५३/२६८ | रविन्द्र राउत/दशै राउत | श्यामवावु राउत,सर्लाही,०३५१३६७२ | चन्देश्वर राउत/भिखारी राउत |
| १२ | चौलीखा | अनिता देवी,सर्लाही,१९३०४६/१८९० | दिपेन्द्र राय/हिरदय नारायण राय | ठगनी दवी,सर्लाही,१९३०४६/१८३६ | शिवनारायण राय दनुवार/छठु राय दनुवार | अमृता कुमारी सिंह,सर्लाही,१९-०१-७६-०२३६७ | सिकेन्द्र कुमार सिंह/थाहा नभएको |
| १३ | चौलीखा | पुनम देवी सहनी, सर्लाही, १९३०५६/६३२ | वैजु सहनी/खेदन सहनी | सुनिता कुमारी सिंह,सर्लाही,३८४९१७३८ | चनन सिंह दनुवार/सुकदेव सिंह दनुवार | जया देवी सहनी मलाह,सर्लाही,१९३०५६/५४७ | खेदन सहनी/थाहा नभएको |
| १४ | चौलीखा | सुमित्रा देवी चौधरी,सर्लाही,१९-०१-७५-०२२८२ | भाग्य नारायण चौधरी/रोगाई चौधरी थारु | पासपती दवी,सर्लाही,१९३०५२/२१२९ | रविन्द्र वछार/रवी वछार | भाग्य नारायण चौधरी,सर्लाही,१९३०५२/१३७२ | रोगाई चौधरी थारु/महंग चौधरी थारु |
| १५ | चौलीखा | रतन कुमारी,सर्लाही,१८६५१९६९ | राम नारायण सिंह/रुपलाल सिंह दनुवार | रंजना कुमारी सिंह,सर्लाही,१८० | देवेन्द्र कुमार सिंह/श्रीदेव राय सिंह | रिता देवी,सर्लाही,१८६५००४४ | चन्द्रविनय सिंह दनुवार/राजपति सिंह दनुवार |
| १६ | चौलीखा | रिता देवी,सर्लाही,१८६५००४४ | चन्द्रविनय सिंह दनुवार/राजपति सिंह दनुवार | रंजना कुमारी सिंह,सर्लाही,१८० | देवेन्द्र कुमार सिंह/श्रीदेव राय सिंह | जयनती कुमारी,सर्लाही,१९-०१-७८-१३१२९ | चन्द्रविनय सिंह दनुवार/राजपति सिंह दनुवार |
| १७ | चौलीखा | सकुन्तला देवी बछार,सर्लाही,१९-०१-७१-००८११ | दिपेन्द्र बछार/सुरत बछार थारु | आरती केवट,सर्लाही,३७-०१-७१-०७१८२ | दिपेश बछार थारु/सुरत बछार थारु | दिपेन्द्र बछार,सर्लाही,१९-०१-७१-००५०५ | सुरत बछार थारु/थाहा नभएको |
| १८ | चौलीखा | आरती केवट,रुपन्देही,३७-०१-७१-०७१८२ | दिपेश बछार थारु/सुरत बछार थारु | सकुन्तला देवी बछार,सर्लाही,१९-०१-७१-००८११ | दिपेन्द्र बछार/सुरत बछार थारु | सुरत बछार थारु,सर्लाही,०६४६१०१५ | जनक बछार थारु/थाहा नभएको |
| १९ | चौलीखा | सरोसती कु. देवी,सर्लाही,१९३०४२/१५१३ | रामएकवाल विन/रामविलास विन | ललिता कुमारी सिंह,सर्लाही,१९-०१-७२-०३०८६ | राजकिशोर सिंह /अर्शिलाल राय दनुवार | रोशन कुमार मुखीया,सर्लाही,१९-०१-७६-०७०१२ | रामएकवाल विन/रामविलास विन |
| २० | चौलीखा | सुकरतिया चौधरी,सर्लाही,०३५१२१५७ | रामचलितर चौधरी/सुवाई चौधरी थारु | विजय कुमार चौधरी,सर्लाही,१९३०५३/२२०१ | रामचलितर चौधरी/सुवाई चौधरी थारु | हेमलवती कुमारी,सर्लाही,१९-०१-७५-००९५७ | विजय कुमार चौधरी/रामचलितर चौधरी |
| २१ | चौलीखा | शान्ति देवी दास तत्मा,सर्लाही,१९३०५१/४७३ | महेन्द्र दास तत्मा/चलितर दास तत्मा | ओपेन्द्र दास, सर्लाही,१९३०५१/१४९२ | महेन्द्र दास तत्मा/चलितर दास तत्मा | प्रमिला देवी दास,सर्लाही,१९१०/७०५ | ओपेन्द्र दास/महेन्द्र दास तत्मा |
| २२ | चौलीखा | रामदत महरा चमार,सर्लाही,६४६५५९५ | सुवल महरा चमार/बुधन महरा चमार | शिला कुमारी देवी,सर्लाही,१९३०९३/१०५३ | राजकिशोर चौधरी/थाहा नभएको | धनमन्ती कुमारी चमार,सर्लाही,१९३०५१/११३ | विनोद कुमार महरा/रामदत महरा चमार |
| २३ | लहान | प्रभा कुमारी चौधरी,सिरहा,६२७/५ | सत्य नारायण चौधरी/वासु देव चौधरी थारु | वविता देवी चौधरी,सिरहा,२७३५२८०२ | भगवानी चौधरी/छोटी चौधरी | वासु देव चौधरी थारु,सिरहा,२७३५०६१४ | भुलाइ चौधरी/थाहा नभएको |
| २४ | लहान | पदम देवी चौधरी,सिरहा,७३४/२४४३ | जगदीश चौधरी/खेशी लाल चौधरी | नैना कुमारी चौधरी,सिरहा,२३९/०७ | उपेन्द्र लाल चौधरी/अछमीत लाल चौधरी | अनिला कुमारी चौधरी,सिरहा,१५३००१/१८० | दशन चौधरी/थाहा नभएको |
| २५ | लहान | अनिता कुमारी चौधरी,सिरहा,५८२९ | जितेन्द्र चौधरी/देव नारायण चौधरी | नैन कुमारी चौधरी,सिरहा,१५३००२/६१७८ | समत लाल चौधरी/हजारी चौधरी | जितेन्द्र चौधरी,सिरहा,११७०३२२८ | देव नारायण चौधरी/सुनर चौधरी |
| २६ | लहान | रंगिना चौधरी,सिरहा,१५३००२/५१५ | चन्देश्वर चौधरी/लुचाई चौधरी | अनिता कुमारी चौधरी,सिरहा,५८२९ | जितेन्द्र चौधरी/देव नारायण चौधरी | सुनरी देवी चौधरी,सिरहा,११२०-२०२९ | लछु लाल चौधरी/थाहा नभएको |
| २७ | लहान | सिया देवी चौधरी,सप्तरी,१६-०१-६१-०४६४६ | विरेन्द्र चौधरी/रामकृष्ण चौधरी | रंगिना चौधरी,सिरहा,१५३००२/५१५ | चन्देश्वर चौधरी/लुचाई चौधरी | प्रमानन्द चौधरी,सिरहा,१५-०२-७८-०३५०५ | विरेन्द्र चौधरी/रामकृष्ण चौधरी |
| २८ | लहान | शोभा कुमारी चौधरी,सिरहा,६७०४५/५६६१५८२ | भुमिराज चौधरी/सिरी देव चौधरी | सोभिता कुमारी,सिराहा,१५१०२४/४४२६ | चन्द्र किशोर सिंह/सरुप सिंह | भुमिराज चौधरी,सिरहा,४८७/१७ | सिरी देव चौधरी/थाहा नभएको |
| २९ | लहान | अनिता देवी मंडल,सिरहा,१५२००५/९५०८ | रामलोचन मंडल/कुसुम मंडल | कुलकुल कुमारी मंडल,सिरहा,१०६४ | राम कुमार मंडल/विजुली मंडल | रामलोचन मंडल,सिरहा,१५२००५/९५०७ | कुसुम मंडल/थाहा नभएको |
| ३० | लहान | सामु चौधरी,सिरहा,१/५२ | देव नारायण चौधरी/सुनर चौधरी | अनिता कुमारी चौधरी,सिरहा,५८२९ | जितेन्द्र चौधरी/देव नारायण चौधरी | अनिल कुमार चौधरी,सिरहा, थाहा नभएको | थाहा नभएको |
| ३१ | लहान | अनिरुध चौधरी,सिरहा,४३४ | गालु चौधरी/धनीराम चौधरी | अनिता कुमारी चौधरी,सिरहा,१५२००५/२४३९१ | बालदेव राम चौधरी/विष्णु देव चौधरी | कैलाश देवी चौधरी,सिरहा,११५/२० | अनिरुध चौधरी/गालु चौधरी |
| ३२ | लहान | अनिता कुमारी चौधरी,सिरहा,१५२००५/२४३९१ | बालदेवराम चौधरी/बिष्णुदेव चौधरी | प्रभा कुमारी चौधरी,सिरहा,६२७/५ | सत्य नारायण चौधरी/वासु देव चौधरी थारु | बालदेवराम चौधरी,सिरहा,१५२००६/१६०३ | बिष्णुदेव चौधरी/थाहा नभएको |
| ३३ | लहान | फुल कुमारी साह,सप्तरी,१६१०९७/४० | उपेन्द्र साह/सबुरी साह तेली | सरस्वती देबी,सप्तरी,२७७१ | भोला प्रसाद चौधरी थारु/मुसहरु चौधरी | कुशमीवती साह,सप्तरी,१६३०९७/१९८ | भोगेन्द्र प्रसाद साह/थाहा नभएको |
| ३४ | लहान | हिरालाल यादव,सिरहा,१५२००५/१९५०० | राम पुजन यादव/किसुनदेव यादव | बिन्दा देबी यादव,सिरहा,१५३०२७/२५४ | रामपुजन यादव/किसुनदेव यादव | रामपुजन यादव,सिरहा,६५ | किसुनदेव यादव/थाहा नभएको |
| ३५ | लहान | निलम चौधरी,सप्तरी,४९३८ | राजकुमार चौधरी/बन्हु चौधरी | शान्ती कुमारी चौधरी,सप्तरी,९३८५४४८५ | रेशमलाल चौधरी/फिर्तु चौधरी | राज कुमार चौधरी,सप्तरी,५८३२ | बन्हु चौधरी/थाहा नभएको |
| ३६ | लहान | शुश्मा देवी चौधरी,सप्तरी,५५४३ | सत्यनारायण चौधरी/गर्भु लेखी चौधरी | शकुन्तला देवी चौधरी,सप्तरी,२३०२ | दिपेन्द्र प्रसाद चौधरी/जिरीचन चौधरी | गर्भु लेखी चौधरी,सप्तरी,२४१४११२७ | खुबी लेखी/मंगल लेखी |
| ३७ | लहान | कलमीबती,सप्तरी,२४१४१६३७ | राजेन्द्र प्रसाद चौधरी/गुलाई चौधरी | ललिता देवी चौधरी,सप्तरी,५५२९ | ह्रदय नारायण चौधरी/गुलाई चौधरी | राजेन्द्र प्रसाद चौधरी,सप्तरी,२४१४१०८६ | गुलाई चौधरी/थाहा नभएको |
| ३८ | लहान | पुनम कुमारी राय,सिरहा,१४७२३२९९ | हेमनारायण सिंह/गगनदेब सिंह | मालती कुमारी सिंह,सिरहा,१५१००९/२६ | रुपनारायण सिंह/चन्द्रदेव सिंह | जगदेव सिंह,सिरहा,१३५७०९१३-६८२९ | कैलु सिंह दनुवार/थाहा नभएको |
| ३९ | चोहर्वा | ईसरत खातुन,सिरहा,१५३०७९-४५ | मो.नसिम साह/मो.बसिर साह | रोखसेना खातुन,सिरहा,१५३०७९/५६ | मो.अताबुल साह/जुमराती साह फकिर | नगमा खातुन,सिरहा,११३ | मो.नसिम साह/मो. बसिर साह |
| ४० | चोहर्वा | सुनिला देवी पासमान,सिरहा,१५३०४६/९१८ | रामानन्द पासमान/विष्णुदेव पासमान | कविता देवी पासवान,सिरहा,१५३०४६/४५२ | सोलिन पासमान/लक्ष्मी पासमान | हिरा देवी पसमान,सिरहा,१५१०६८/१४१२१ | ललित पासमान/थाहा नभएको |
| ४१ | चोहर्वा | लिला कुमारी पासमान,सिरहा,३०३ | सूर्य कुमार पासवान/सगमलाल पासवान | कविता देवी पासवान,सिरहा,१५३०४६/४५२ | सोलिन पासमान/लक्ष्मी पासमान | सोलिन पासमान,सिरहा,०३५६६५५१ | लक्ष्मी पासमान/थाहा नभएको |
| ४२ | चोहर्वा | रफिदा खातुन,सिरहा,१५३०७९ | हनिफ मियां/मन्सीफ मिया | ईसरत खातुन,सरिहा,१५३०७९/४५ | मो.नसिम साह/मो.बसिर साह | मिराज राईन,सिरहा,१५-०१-७७-०६५८३ | हनिफ मियां/मन्सीफ मिया |
| ४३ | जनकपुर | चन्द्ररेखा देबी पुर्वे, धनुषा,४२८८२७८७ | बद्री पुर्वे/तपेश्वर साह पुर्वे | सीतादबी साह,धनुषा,१०६०/५ | राम चन्द्र साह/वेचु साह | बद्री पुर्वे, धनुषा,४२८७२७०६ | बद्री पुर्वे/थाहा नभएको |
| ४४ | जनकपुर | सिला देवी,धनुषा,१७२९ | कृष्ण कुमार साह कलवार/शिवनाथ साह | जैसमा खातुन,धनुषा,६६०४२३७३ | अब्वास कवारी/सुलेमान कवारी | विशाल कुमार साह,धनुषा,१७-०१-७३-०९०८६ | कृष्ण कुमार साह कलवार/शिवनाथ साह |
| ४५ | इलाम | हरी माया बस्नेत,इलाम,१४७७-१९१२ | याम कुमार बस्नेत/महाविर बस्नेत | थाहा नभएको | थाहा नभएको | दिपक बस्नेत,इलाम,४१२९४/३४८ | याम कुमार बस्नेत/महा विर बस्नेत |
| ४६ | इलाम | गोरिमाया लिम्बु,इलाम,०३-१-०४४/८७७३१ | शुख विर लिम्बु/तिर्थ बहादुर लिम्बु | थाहा नभएको | थाहा नभएको | टंक बहादुर थलुङ लिम्बु,इलाम,८४४८६ | वीर बहादुर थलुङ लिम्बु/रणध्वज लिम्बु |
| ४७ | इलाम | कमला देवान,इलाम,०३०४५३/७६७ | राज कुमार राई/केशर बहादुर राई | थाहा नभएको | थाहा नभएको | राज कुमार राई,इलाम,०३७२७९०/९५ | केशर बहादुर राई/जय बहादुर राई |
| ४८ | फिक्कल | राधा देवी खड्का,ईलाम,२४३२ | विष्णु बहादुर खड्का/जगत बहादुर खड्का | कल्पना खड्का,ईलाम,१०४९ | भक्त बहादुर खड्का/कुल बहादुर खड्का | विष्णु बहादुर खड्का,ईलाम,११७७९।८३८ | जगत बहादुर खड्का/थाहा नभएको |
| ४९ | फिक्कल | डोल्मा योल्मु,ईलाम,१७२९।९५८ | बुध्द स्याङ्वो/कर्ण बहादुर स्याङ्वो | पत्म तामाङ,ईलाम,०३०४९३।२४३ | लव बहादुर तामाङ/कर्ण बहादुर तामाङ | बुध्द स्याङ्वो,ईलाम,११८३।१४४ | कर्ण बहादुर स्याङ्वो/साङगे |
| ५० | फिक्कल | दुर्गामाया लुंगेली मगर,ईलाम, ४१७१३४८ | नरेन्द्र थापा मगर/प्रेम कुमार थापामगर | सूश्री भारती तामाङ,मोरङ्ग,१।२५०३ | सुरेन लामा/निमा दावा लामा | सावन थापा,ईलाम,०३-०१-६९-०४०४१ | नरेन्द्र थापा मगर/प्रेम कुमार थापा मगर |
| ५१ | फिक्कल | अमृता दास,ईलाम,०३०३०३।१००५ | तेज बहादुर दास/पूर्ण बहादुर दास | सरस्वती राई,ईलाम,०३०२८३।६१३ | मंगल कुमार राई/रन बहादुर राई | रजनी दास,ईलाम,०३-०१-७०-०१८१४ | तेज बहादुर दास/पूर्ण बहादुर दास |
| ५२ | फिक्कल | हेम कुमारी खड्का,ईलाम,८६५।९८३ | तारा कुमार निरौला/ बिर बहादुर निरौला | कल्पना खड्का,ईलाम,१०४९ | भक्त बहादुर खड्का/कुल बहादुर खड्का | नगेन्द्र बहादुर खड्का,ईलाम,६६६०३।७४१ | पदम बहादुर खड्का/थाहा नभएको |
| ५३ | टंकिसिनुवारी | शान्ति देवी यादव,मोरङ्ग,६।११२२४ | हुकुम चन्द यादव/मुल चन्द यादव | सिता देवी पराजुली,झापा,६।५७९९ | रेवती रमण पराजुली/सोमनाथ पराजुली | हुकुम चन्द यादव,मोरङ्ग,५६।५४१ | मुल चन्द यादव/थाहा नभएको |
| ५४ | टंकिसिनुवारी | सविता तवदार,मोरङ्ग,६।२९६५ | राधेश्याम तवदार/सम्पतलाल तवदार | नैनसरी देवी खां थारु,मोरङ्ग,५।३१९ | अशोक खां थारु/इन्द्रलाल खां थारु | राधेश्याम तबदार,मोरङ्ग,७३५८७ | सम्पतलाल तबदार/थाहा नभएको |
| ५५ | टंकिसिनुवारी | सविना खातुन,मोरङ्ग,१९०४७ | मोख्तार मिया/मो. मोहिद मिया | फात्मा खातुन,सुनसरी,०६३००१९७३ | अब्दुल मिया/मुरतुजा मिया | अमिर आलम,सुनसरी,०५-०१-७६-०७२९१ | मोख्तार मिया/मो. मोहिद मिया |
| ५६ | टंकिसिनुवारी | सुस्मा खत्रि,सुनसरी,०५-०१-७४-०५७४४ | चुडामणि खड्का/भोला बहादुर खड्का | भोला बहादुर खड्का,मोरङ्ग,४६६६ | पदम बहादुर खड्का/थाहा नभएको | चुडामणि खड्का,मोरङ्ग,१०६४।३२५ | भोला बहादुर खडका/पदम बहादुर खड्का |
| ५७ | टंकिसिनुवारी | जहिरन मियानी,सुनसरी,१०७१ | अलिम मिया/हबिबुल मिया | ईतनी मियानी,सुनसरी,१२१९ | मो. इस्लाम मियाँ/विपत मियाँ | अलिम मिया,सुनसरी,०६१०६२/८७४ | हबिबुल मिया/थाहा नभएको |
| ५८ | टंकिसिनुवारी | गिता देवी खवास,मोरङ्ग,६/६२६७ | बिहारी खवास/महगु खवास | सिता देवी चौधरी,मोरङ्ग,२९/५८३ | सेवक नारायण चौधरी/थाहा नभएको | बिहारी खवास,मोरङ्ग,८८२ | महगु खवास/थाहा नभएको |
| ५९ | टंकिसिनुवारी | सैनाज मिया खातुन,सुनसरी,०६१००९/१५७६४६ | महिद्दिन मिया/लेलाही मिया | जुवेदा मियानी,सुनसरी,१०३७२/१३३७२ | अबुल हक मिया/जुम्मा मिया | महिदिन मिया,सुनसरी,२८१७ | लेलाही मिया/थाहा नभएको |
| ६० | टंकिसिनुवारी | रिता कुमारी गच्छदार थारु,मोरङ्ग, ४००४/६९८ | शिव नारायण माझी/अग्रदास माझी | चित्र लेखा कुमारी चौधरी,सुनसरी,६४१०२/६५१०२ | प्रकाशलाल थारु/दसनलाल थारु | शिव नारायण माझी,मोरङ्ग,३०८०६ | अग्रदास माझी/सोतीलाल माझी |
| ६१ | टंकिसिनुवारी | आशा देवी बिश्वास,मोरङ्ग,४२१५१ | गणेश विश्वास/चन्द्रलाल विश्वास | सरस्वती विश्वास,मोरङ्ग,०५१०१८।३६८ | दिनेश कुमार विश्वास/चन्द्रलाल विश्वास | गणेश विश्वास,मोरङ्ग,१८५२४ | चन्द्रलाल विश्वास/थाहा नभएको |
| ६२ | टंकिसिनुवारी | सगिरा खातुन,सुनसरी,०६-०१-७०-१२६०९ | नरसलाम मिया/महमद मिया | अधोनिया खातुन,सुनसरी,३२४३ | ताहिर मिया/टरु मिया | नरसलाम मिया,सुनसरी,०६१००९/१२०५१९ | महमद मिया/थाहा नभएको |
| ६३ | टंकिसिनुवारी | इन्दिरा तामाङ,मोरङ्ग,६/५४७० | रमेश तामाङ/गणेश बहादुर तामाङ | पदमा बास्तोला,मोरङ्ग,११४०८ | उत्तर कुमार बास्तोला/देवि प्रसाद बास्तोला | रमेश तामाङ,खोटाङ,६५५/४२० | गणेश व. तामाङ/थाहा नभएको |
| ६४ | टंकिसिनुवारी | ममता यादव,मोरङ्ग,७९६६२ | दिनेश कुमार राय/दिपक कुमार राय | बिधा देवि भण्डारी पासवान,मोरङ्ग,११३७४ | राम औतार पासवान/स्व. भागी लाल | दिनेश कुमार राय,मोरङ्ग,८५५५१ | दिपक कुमार राय/थाहा नभएको |
| ६५ | बेलौरी | सोबरन देवी राना,कञ्चनपुर,७५३०१७/३८४ | राज कुमार राना/शंकर राना | शंकर राना,कंचनपुर,८४९६०७८६ | नेपाली राना/थाहा नभएको | राज कुमार राना,कञ्चनपुर,७५/३७३ | शंकर राना/नेपाली राना |
| ६६ | बेलौरी | अस्मिता थारु,कञ्चनपुर,७५-०५-२९५ | टिकाराम थारु/मकै थारु | कान्छी चौधरी,कंचनपुर,७५३०१८/१५५ | खुशिराम चौधरी/कालीराम चौधरी | टिकाराम थारु,कञ्चनपुर,७५२०१८/२३५७ | मकै थारु/थाहा नभएको |
| ६७ | बेलौरी | कल्पना सुनार गदाल,कञ्चनपुर,७५२०२०/४०० | होम बहादुर सुनार/लाल बहादुर सुनार | विष्णु मगर,कंचनपुर,७५२०२०/१५२१ | बुद्धि बहादुर मगर/कर्ण बहादुर मगर | सेते विश्वकर्मा,कञ्चनपुर,६९७४६९६७ | राम बहादुर सुनार/थाहा नभएको |
| ६८ | बेलौरी | मिना विश्वकर्मा,पर्वत,५११०५०/१०९६ | दिपक विश्वकर्मा/नर बहादुर विश्वकर्मा | श्रीया नेपाल लामीछाने वि.क,कंचनपुर,७५२०२२ /१२०६ | सागर लामीछाने वि.क/चन्द्र मोहन वि.क | दिपक विश्वकर्मा,पर्वत,५११०५०/८९ | नर बहादुर विश्वकर्मा/थाहा नभएको |
| ६९ | बेलौरी | सुजनिया कुमारी खुना,कञ्चनपुर,१०५/११(५) | बहादुर खुना/हरद्वारी खुना | एलिसा देवी चौधरी,कंचनपुर,१७३१९४ | सर्वन डगौरा/नर सिंह डगौरा | बहादुर खुना,कञ्चनपुर,७५२४/१४ | हरद्वारी खुना/थाहा नभएको |
| ७० | बेलौरी | लक्ष्मी पाण्डेय, कञ्चनपुर,७५३०१८/८४१ | चन्द्र प्रसाद पाण्डेय/सदानन्द पाण्डेय | सिता धामी,कंचनपुर,७५२०१८ /६४२ | रोशन बहादुर धामी/दिल बहादुर धामी | चन्द्र प्रसाद पाण्डेय,कञ्चनपुर,१३९ | सदानन्द पाण्डेय/थाहा नभएको |
| ७१ | ईमिलिया | धुपा देवी तिवारी,कपिलबस्तु,३८.०१.०६६.०२४१२ | शेषमणी तिवारी/रामचन्द्र तिवारी | नभएको | नभएको | अब्दुल लतिफ मनिहार,कपिलबस्तु, ३८२८१०६ | सामी मोहम्द मनिहार/थाहा नभएको |
| ७२ | ईमिलिया | धन कुमारी कुंवर क्षेत्री,कपिलबस्तु,११०९४ | खीम बहादुर कुवंर क्षेत्री/टिका बहादुर कुंवर क्षेत्री | राधा देवी लोहनी क्षेत्री,कपिलबस्तु,३८-०१-०६९-२३०६० | मान बहादुर थापा/झग बहादुर थापा | खिम बहादुर कुँवर क्षेत्री,कपिलबस्तु,१४१८ | टिका बहादुर कुँवर क्षेत्री/थाहा नभएको |
| ७३ | ईमिलिया | मसजुद मुसलमान,कपिलबस्तु,५६१९ | सोहवत मुसलमान/जकिर मुलमान | नभएको | नभएको | नफिस मुसलमान,कपिलबस्तु,५६२२ | सोहवत मुसलमान/जकिर मुलमान |
| ७४ | ईमिलिया | रमजान मुसलमान,कपिलबस्तु,६६२४३ | ढेबुल मुसलमन/अलिरजा मुसलमान | नभएको | नभएको | नाजमा खातुन,कपिलबस्तु,३८३०५६/५५ | रमजान मुसलमन/ढेबुल मुसलमान |
| ७५ | ईमिलिया | हिरा विश्वकर्मा,कपिलबस्तु,३८२०५६/१८१३ | प्रभु कुमार विश्वकर्मा/लिल बहादुर विश्वकर्मा | शिवकला पौडेल,गुल्मी,४८७४ | बाबुराम भण्डारी/भोजराज भण्डारी | अजय वि क,कपिलबस्तु,२०६१०९२९००९४३ | प्रभु कुमार विश्वकर्मा/लिल बहादुर विश्वकर्मा |
| ७६ | ईमिलिया | विष्णु सुनार,कपिलबस्तु,३८-०२-७५-०३१२८ | गुप्ता बहादुर सुनार/भिम बहादुर सुनार | शिवकला पौडेल,गुल्मी,४८७४ | बाबुराम भण्डारी/भोजराज भण्डारी | गुप्ता बहादुर सुनार,कपिलबस्तु,२१७४४ | भिम बहादुर सुनार/थाहा नभएको |
| ७७ | ईमिलिया | सकिना खातुन शेष,कपिलबस्तु, २१७८८ | मोहम्मद रफिक मिया/गफुर मिया | घनश्याम प्रसाद विश्वकर्मा,कपिलबस्तु,५०१८-२५३७ | पारस नाथ बढई/थाहा नभएको | मोहम्मद रफिक मिया,कपिलबस्तु,१० | गफुर मिया/थाहा नभएको |
| ७८ | ईमिलिया | करबर कुर्मीनी,कपिलबस्तु,न.बा.१२९।१८८३ | शिवमंगल कुर्मी/श्रीराम कुर्मी | घनश्याम प्रसाद विश्वकर्मा,कपिलबस्तु,५०१८-२५३७ | पारस नाथ बढई/थाहा नभएको | श्री निवास कुर्मी,कपिलबस्तु,३८२०६८०९६३५ | शिव मंगल कुर्मी/श्रीराम कुर्मी |
| ७९ | ईमिलिया | इन्तियाज अहमद खां ,कपिलबस्तु,४/०८/८२२० | लल्लन खाँ/जैनुल्ला खाँ | सम्सुल्ला मुसलमान,कपिलबस्तु,३८०२०६६००८४२ | अनौरुल्ला मुसलमान/थाहा नभएको | इतराज आलम मुसलमान,कपिलबस्तु,४१०८।२०७२ | अकवाल हुसेन मुसलमान/थाहा नभएको |
| ८० | ईमिलिया | राधा देवी लोहनी क्षेत्री,कपिलबस्तु,३८-०१-०६९-२३०६० | मान बहादुर थापा/झग बहादुर थापा | सिता बिष्ट लोहनी क्षेत्री,कपिलबस्तु,३८-०६-७४-०१४४२ | प्रकाश चन्द लोहनी क्षेत्री/थाहा नभएको | तुल्सा थापा,कपिलबस्तु,३८-०१-७४-०७५३८ | मान बहादुर थापा/झग बहादुर थापा |
| ८१ | ईमिलिया | अमृता बि.क.,कपिलबस्तु,३८-०१-७३-००९१६४ | जित बहादुर बि क/चुरे कामी | लाली बि क,कपिलबस्तु,०१-०६६-०२०४२ | चुरे कामी/लछे कामी | चुरे कामी,कपिलबस्तु,१३०९ | लछे कामी/तुले कामी |
| ८२ | ईमिलिया | सुभावती अहिरीन,कपिलबस्तु,८७ | झगरु अहिर/बुध्दु अहिर | शिवनारायण यादव,कपिलबस्तु,३८१०५५/५८ | झगरु अहिर/बुध्दु अहिर | झगरु अहिर,कपिलबस्तु,२७९६०/३ | बुध्दु/विपत अहिर |
| ८३ | रामापुर | चन्द्रकला सामत,रुपन्देही,३७२०३६/५५०२५ | सन्तोस कुमार सामत/फिर बहादुर सामत | नम्रता बम्रेल,रुपन्देही,३७२०३६/७३५४४ | नबिन गुरुङ्ग/रेशम बहादुर गुरुङ्ग | सन्तोस कुमार सामत,रुपन्देही,५४७३ | फिर बहादुर सामत/थाहा नभएको |
| ८४ | रामापुर | संगिता बलाल थापा,रुपन्देही,३७३०३६/३८ | विकास थापा/सोम बहादुर थापा | लक्ष्मी घर्ती,रुपन्देही,३७२०३६/५७३३६ | पुर्ण बहादुर घर्ती/भीम बहादुर घर्ती | विकास थापा,रुपन्देही,३७३०३५/३५३ | सोम बहादुर थापा/थाहा नभएको |
| ८५ | सिमिकोट | परे कामी,हुम्ला,१३१७ | लालसिहं कामी/जयरामे | थाहा नभएको | थाहा नभएको | हमाल कामी,थाहा नभएको | थाहा नभएको |
| ८६ | बिरेन्द्रनगर | सारदा बुचामगर,सुर्खेत,६४१०१७/११२५८९ | ओम बहादुर बुचा मगर/लाल बहादुर बुचा मगर | पार्बती शाही,सुर्खेत,६४-०१-७१-०४४४२ | राम बहादुर शाही/तकमान शाही | राम बहादुर शाही,सुर्खेत,६४-०१-७१-०३९८१ | तकमान शाही/थाहा नभएको |
| ८७ | बिरेन्द्रनगर | गिता सिंह,सुर्खेत,६४१०१७/८६७७२ | दल बहादुर बोहरा/धनजित बोहरा | गिता नेपाली,सुर्खेत,६४-०१-७२-०४३७७ | टेक बहादुर सार्कि/नेत्र बहादुर सार्कि | दल बहादुर बोहरा,सुर्खेत,६४-०१-७०-००८२४ | धनजित बोहरा/धौला बोहरा |
| ८८ | बिरेन्द्रनगर | मालती बि.क.(कामी),सुर्खेत,१८२९६ कैलाली | प्रदिप बहादुर कामी/डल्लो कामी | दुर्गा पि एस,सुर्खेत,२७६१४ | सुरेन्द्र कालिराम/प्रेम बहादुर कालिराम | प्रदीप बहादुर कामी,सुर्खेत,४१११६ | डल्लो कामी/थाहा नभएको |
| ८९ | बिरेन्द्रनगर | डिला दमाई,सुर्खेत,६४-०१-७१-०२७३० | कुल बहादुर दमाई/गुमान सिंह दमाई | पदमा कुमारी भण्डारी,सुर्खेत,६४१०१७/८८८८० | सुरेन्द्र बहादुर भण्डारी/जय बहादुर भण्डारी | कुल बहादुर दमाई,सुर्खेत,६४-०१-७०-०३६६० | गुमान सिंह दमाई/थाहा नभएको |
| ९० | बिरेन्द्रनगर | रत्ना खड्का,सुर्खेत,६४-०१-७१-०३७८१ | रेशम बहादुर खड्का/तिल बहादुर खड्का | लक्ष्मी खड्का,सुर्खेत,४८ | छबिलाल खड्का/मन बहादुर खड्का | रेशम बहादुर खड्का,दैलेख,१४२०/११० | तिल बहादुर खड्का/थाहा नभएको |
| ९१ | बिरेन्द्रनगर | आशरा बिष्ट,कालिकोट,६१३०२६/६९/६६ | अबि बिष्ट/रत्न बिष्ट | श्रीमती मोतिसरा बिष्ट,सुर्खेत,४५४/२२५९ | फंक बहादुर बिष्ट/नर बहादुर बिष्ट | कमल बिष्ट,कालिकोट,६१-०१-७४-०१३५४ | नवराज बिष्ट/थाहा नभएको |
| ९२ | बिरेन्द्रनगर | सोसलिजा शाही(मल्ल),कालिकोट,६१-०१-७४-०२७४१ | खगेन्द्र बहादुर मल्ल/हंस बहादुर मल्ल | राधा शाही,सुर्खेत,१८१७३ | गणेश बहादुर शाही/रत्न बहादुर शाही | गणेश बहादुर शाही,सुर्खेत,२२८१ | रत्न बहादुर शाही/थाहा नभएको |
| ९३ | बिरेन्द्रनगर | जानुका गिरी (गुरुङ्ग),काठमाडौं,५२५८ | भविराम गुरुङ्ग/वम बहादुर गुरुङ्ग | कविता श्रेष्ठ,सुर्खेत,२०६१ | मोति प्रसाद गिरी/नारायण देव गिरी | भविराम गुरुङ्ग,बर्दिया,५७११ | वम बहादुर गुरुङ्गं/थाहा नभएको |
| ९४ | बिरेन्द्रनगर | मञ्जु शाही, सुर्खेत,७२८११ | जीवन शाही/पूर्ण बहादुर शाही | सुर्य कुमारी थापा,सुर्खेत,६३१६४ | हस्त बहादुर थापा/कर्ण बहादुर थापा | जीवन शाही,सुर्खेत,६६७३८ | पूर्ण बहादुर शाही/थाहा नभएको |
| ९५ | सल्लीबजार | पविता भण्डारी,सल्यान,६३४ | राजु भण्डारी/टोप बहादुर भण्डारी | चन्द्रकला माझी,सल्यान,२७१ | मेघराज माझी/टोप बहादुर माझी | खिमि बुढा क्षेत्री,सल्यान,२५७ | नरेन्द्र राज भण्डारी/टोप बहादुर भण्डारी |
| ९६ | सल्लीबजार | गाजली घर्ति,सल्यान,५५३०३७/९ | राजेन्द्र प्रकाश घर्ति/धमन बहादुर घर्ति | शान्ता राना मगर,सल्यान,५५०१२९/१८९२२ | सुरेन्द्र राना मगर/भिम बहादुर राना मगर | राजेन्द्र प्रकाश घर्ति,सल्यान,५५१८३०/३६७ | धमन बहादुर घर्ति/थाहा नभएको |
| ९७ | सल्लीबजार | कुमारी कामी,सल्यान,४८२ | बुदे कामी/मंगले कामी | दुर्पता राना,सल्यान,६४-१०-६९-०२१३४ | बुद्ध राज घर्ति/रिम बहादुर घर्ति | बुदे कामी,सल्यान,२३४।०३६ | मंगले कामी/थाहा नभएको |
| ९८ | सल्लीबजार | ससली कामी,सल्यान,घु.सि.५९० | खोकबिर कामी /टोपे कामी | बिरिन्दा शाह,सल्यान,५५०१३७/२२४४८ | तर्क बहादुर शाह/उजिन्द्र बहादुर शाह | खोकबिर कामी,सल्यान,२१४९१ | टोपे कामी/थाहा नभएको |
| ९९ | सल्लीबजार | रञ्जना के.सी.,सल्यान,५५०११० | प्रमेश के.सी./केशर बहादुर खत्री | बुद्धि कुमारी बस्नेत,सल्यान,४७० | तिलक बस्नेत/पहलमान बस्नेत | प्रमेश के.सी.,सल्यान,५५१०१०।६९५० | केशर बहादुर खत्री/थाहा नभएको |
| १०० | सल्लीबजार | बिना सार्की,सुर्खेत,६४१०५१/५८३ | रमेश सार्की/मनवीर सार्की | प्रेम कुमारी नेपाली,सुर्खेत,६४३०५१/७७ | भिम बहादर नेपाली/दिल बहादुर सार्की | पानसरा सार्की,सुर्खेत,१००९/९२ | मान बहादुर सार्की/गोरे सार्की |
| १०१ | सल्लीबजार | बिष्णी बिष्ट,सल्यान,५५३०१८/३६२ | कृष्ण बहादुर बिष्ट/झुपा बिष्ट | सिवलाल बिष्ट,सल्यान,२२१/२५९ | झुपा बिष्ट/थाहा नभएको | कृष्ण बहादुर बिष्ट,सल्यान,५५१९० | झुपा बिष्ट/थाहा नभएको |
| १०२ | सल्लीबजार | कमला सिंह,सुर्खेत,६४-१०-७०-०१९५७ | जित बहादुर सिंह/शेर बहादुर सिंह | शोभा सिंह,सुर्खेत,६४३०४२/५७४ | हिक्मत सिंह ठकुरी/प्रेम सिंह | जित बहादुर सिंह,सुर्खेत,८०७६० | शेर बहादुर सिंह/थाहा नभएको |
| १०३ | सल्लीबजार | डिल्ली कुमारी कामी,सल्यान, १५२६ | रुद्रबिर कामी/जसबिरे कामी | दुर्पता राना,सल्यान,६४-१०-६९-०२१३४ | बुद्धराज घर्ति/रिम बहादुर घर्ति | लक्ष्मी बि.क.,सल्यान, ५५-०१-७७-०१८११ | तिलक बि.क./थाहा नभएको |
| १०४ | विद्यापुर | पदमा सावद,सुर्खेत,६४१००४/१०१३१४ | पदम बहादुर सावद/अमर बहादुर सावद | अमृता सिग्देल,सुर्खेत,६४३००४/१०१४ | हेम प्रकाश सिग्देल/रविलाल सिग्देल | पदम बहादुर सावद,सुर्खेत, ५१३८०/१६४३ | अमर बहादुर सावद/थाहा नभएको |
| १०५ | विद्यापुर | विमला रावल,सुर्खेत,६४१००८/२८८८ | टेक बहादुर विष्ट/जोरा सिंह विष्ट | कृष्ण विस्ट,सुर्खेत,६४-०१-७१-०४३६३ | नरेन्द्र विष्ट/पुरन सिं विष्ट | टेक बहादुर विष्ट,सुर्खेत,६४१००४/९९०९८ | जोरा सिंह विष्ट/थाहा नभएको |
| १०६ | विद्यापुर | गिता तिमिल्सेना वि.क,सुर्खेत,६४-१०-७०-००७८३ | धन बहादुर वि.क./मान सिंह कामी | जानकी वि.क.,सुर्खेत,६४३००८/६८१ | थाहा नभएको | धन बहादुर वि.क.,सुर्खेत,६४३००८/१५८ | मान सिंङ्ग कामी/थाहा नभएको |
| १०७ | विद्यापुर | धिर्जा वि.क.,सुर्खेत,६४३००८/८१८ | पदम बहादुर वि.क./जसे कामी | हिउकला वि.क.,सुर्खेत,६४३००८/७७७ | कृष्ण बहादुर कामी/जसे कामी | पदम बहादुर वि.क,सुर्खेत,६४३००८/४२८ | जसे कामी/थाहा नभएको |
| १०८ | विद्यापुर | अमृता रेगामी मगर,सुर्खेत,६४३००८/५८६ | ओम बहादर रेगामी मगर/निरक बहादुर रेगामी | अमृता बुढा,सुर्खेत,६४३००८/८०२ | भिम बहादुर बुढा/नर बहादुर बुढा | खगी गिरी,सुर्खेत,६४-०२-७४-००९८७ | नन्दलाल गिरी/थाहा नभएको |
| १०९ | त्रिपुरेश्वर | सुशिला खान,धादिङ,२६-०१-७१-०१३०६ | सुब्वा खान/तिल बहादुर खान खवास | सुमित्रा खाण,धादिङ,२६-०१-७१-०१०७४ | तेज बहादुर खाँण/रत्न बहादुर खान खवास | तेज बहादुर खाँण,धादिङ,२६१/६४५५१ | रत्न बहादुर खान खवास/थाहा नभएको |
| ११० | त्रिपुरेश्वर | सिता कुमारी खान खवास,धादिङ, २/१४१८ | रत्न वहादुर खान खवास/टेक बहादुर | विमला नेपाली,धादिङ,२६३०१४/१८५ | सन्तराज नेपाली/कृष्ण बहादुर सार्की | रत्न वहादुर खान खवास,धादिङ,२/३३०२ | टेक बहादुर/थाहा नभएको |
| १११ | त्रिपुरेश्वर | राममायाँ सिमखडा,धादिङ, २६३०१३/६ | रघुनाथ सिम्खडा/रिप बहादुर सिंखडा | सर्मिला दाहाल पाण्डे,धादिङ,२६-०१-७०-०८२५८ | श्याम बहादुर पाण्डे/शाहा बहादुर पाण्डे | रघुनाथ सिम्खडा,धादिङ,५३८३ | रिप बहादुर सिंखडा/देवी बहादुर |
| ११२ | त्रिपुरेश्वर | रेशम बहादुर सिंखडा,धादिङ, २१/८६१-३८/३९ | रिप बहादुर सिंखडा/देवी बहादुर | नन्द कुमारी थापा,धादिङ, २९ | ज्ञानेन्द्र ज्योती थापा/थाहा नभएको | डिल कुमारी पुलामी मगर,धादिङ,२६१/२५२२९ | धन बहादुर पुलामी मगर/थाहा नभएको |
| ११३ | त्रिपुरेश्वर | पार्बती श्रेष्ठ,धादिङ,२६३०१९/४६ | कोपिला मान श्रेष्ठ/ईन्द्र बहादुर श्रेष्ठ | गिता श्रेष्ठ,धादिङ,९७१८ | अम्मर बहादुर श्रेष्ठ/ईन्द्र बहादुर श्रेष्ठ | कोपिला मान श्रेष्ठ,धादिङ,३५८२४ | ईन्द्र बहादुर श्रेष्ठ/थाहा नभएको |
| ११४ | त्रिपुरेश्वर | काली सर्किनी,धादिङ,२/११८७ | हरी सार्की/सुकदेव सार्की | ईन्द्र कुमारी श्रेष्ठ,धादिङ,२/२९८० | यम बहादुर श्रेष्ठ/दल बहादुर श्रेष्ठ | अस्मीता श्रेष्ठ,कास्की,४६-०१-७३-०२५३० | सन्त कुमार श्रेष्ठ/थाहा नभएको |
| ११५ | त्रिपुरेश्वर | साननानी वस्ती,धादिङ,२६३०१४/६०७ | उदय बहादुर वस्ती/पदम प्रसाद वस्ती | सम्फना विस्वकर्मा,धादिङ,२६१/२२९५० | राम बहादुर विस्वकर्मा/बल बहादुर कामी | उदय बहादुर वस्ती,धादिङ,४०४२ | पदम प्रसाद वस्ती/थाहा नभएको |
| ११६ | त्रिपुरेश्वर | ज्ञानिमायां सिम्खडा,धादिङ,२/२६४५ | रेशम बहादुर सिंखडा/रिप बहादुर सिंखडा | सर्मिला दाहाल पाण्डे,धादिङ,२६-०१-७०-०८२५८ | श्याम बहादुर पाण्डे/शाहा बहादुर पाण्डे | रेशम बहादुर सिंखडा,धादिङ,२१/८६१-३८/३९ | रिप बहादुर सिंखडा/देवी बहादुर |
| ११७ | नाम्दु | आँचल तामाङ,दोलखा,२२३०४०/९३ | राजु तामाङ/कुल बहादुर तामाङ | उषा देवी चिढी तामाङ,दोलखा,३९३००४/४५ | निर्मल तामाङ/भत्त बहादुर तामाङ | राजु तामाङ, दोलखा,२१०९७ | कुल बहादुर तामाङ/लालमान तामाङ |
| ११८ | नाम्दु | सुन माला तामाङ,दोलखा,२४४८२ | तेज बहादुर तामाङ/मान बहादुर तामाङ | दिल कुमारी तामाङ,थाहा नभएको | थाहा नभएको | तेज बहादुर तामाङ,दोलखा,२४४५० | मान बहादुर तामाङ/थाहा नभएको |
| ११९ | नाम्दु | कान्छी दहाल,दोलखा,२१७८ | कमल बहादुर दहाल/रंग बहादुर दहाल | कमला तामाङ,दोलखा,२२१०४०-२०५ | शमसेर घिसिङ/धिर बहादुर तामाङ | अनेन्द्र तामाङ,दोलखा,४६३८९ | कुमार तामाङ/टेक बहादुर तामाङ |
| १२० | नाम्दु | रुपा दहाल,दोलखा,२५७४२ | भिम बहादुर दहाल/आत्मा राम दहाल | सन्तोसी दहाल,दोलखा,२२३०४१/३१० | प्रेम बहादुर दहाल/राम काजी दहाल | गंगा दहाल,दोलखा,थाहा नभएको | भिम बहादुर दहाल/आत्मा राम दहाल |
| १२१ | खुर्कोट | चन्द्र कुमारी भुजेल,रामेछाप, ३११०३०/९३७५ | उद्धव बहादुर भुजेल/सम्मर बहादुर भुजेल | गिता भुजेल,रामेछाप,३११०३०/११६५२ | चेत बहादुर भुजेल/गणेश बहादुर भुजेल | उद्धव बहादुर भुजेल,रामेछाप,६२२३९ | सम्मर बहादुर भुजेल/थाहा नभएको |
| १२२ | खुर्कोट | सिता बसेल,रामेछाप,२११०२९/४८ | जित बहादुर तोलाङे/च्यान्टे सार्की | सबिता सार्की,सिन्धुली,२०३०१८/१२ | चन्द्रे सार्की/हस्ते सार्की | जित बहादुर तोलाङे,सिन्धुली,२०३०१८/२३६ | च्यान्टे सार्की/थाहा नभएको |
| १२३ | ढिकुरे | सिता वोगटी,नुवाकोट,२५३०५०/१८६ | राजन कुमार वोगटी/देह वहादुर वोगटी | सीता तमाङ,नुवाकोट,२५- ०१- ६९- ००२७८ | भिम वहादुर तामाङ/कृष्ण बहादुर तामाङ | राजन कुमार वोगटी,नुवाकोट,७७२७५७०३८।३९ | देह वहादुर वोगटी/पहल सिं |
| १२४ | ढिकुरे | सान्ती तमाङ्ग,नुवाकोट,२५३०५१/१६१ | अरुण कुमार तमाङ/श्याम वहादुर तामाङ | अनिता तामाङ, नुवाकोट,२५- ०१-७३-०३५७५ | राम कृष्ण तामाङ/वलराम तामाङ | पवित्रा राई,मकवानपुर,३१-०१-६९-०५६१५ | परसुराम राई/थाह नभएको |
| १२५ | ढिकुरे | वुद्धि मैयाँ तामाङ, नुवाकोट ,२५३०५१/२६९ | सिवलाल तमाङ्ग/आईत राम तामाङ | सेति मायाँ तमाङ्ग, नुवाकोट,२५३०५१/१७५ | पुर्ण वहादुर तामाङ/भिम बहादुर तामाङ्ग | सिवलाल तमाङ्ग,नुवाकोट,२५३०५१।१४९ | आईत राम तमाङ्ग/थाह नभएको |



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको बालाजु बाइसधारा उद्यान (पार्क)मा भ्रमणमा आन्तरिक पर्यटकहरू ।**

# मधेश प्रदेशमा सिद्धार्थ बैंकको वित्तीय साक्षरता कार्यक्रम



काठमाडौं (अस) । सिद्धार्थ बैंक लिमिटेडले वित्तीय साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यले मधेश प्रदेशमा विप्रेषण प्रापक र संभावित वैदेशिक रोजगारीमा जानेहरूलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बिफक्याप नेपालको व्यवस्थापनमा सम्पन्न उक्त कार्यक्रममा १०३ जनाको सहभागिता थियो । कार्यक्रममा प्रशिक्षक सुमनराज सुवेदीले प्रस्तुतीकरण गरेका थिए । बैंकले लक्षित वर्गलाई वित्तीय चेतना प्रदान गरी वित्तीय सशक्तीकरणमा योगदान पुर्‍याउन सो कार्यक्रम सञ्चालन गरेको बताइएको छ । बैंकले गत सोमवार बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१५ डुमरवानाका ५१ जना र मंगलवार पर्साको वीरगञ्ज महानगरपालिका-१ बेल्वास्थित नौकाटोलाका ५२ जना स्थानीयको सहभागितामा कार्यक्रम भएको थियो ।

उक्त कार्यक्रममा लक्षित वर्गमा वित्तीय सेवा सम्बन्धी ज्ञान, बैंकले प्रदान गर्ने सेवा, डिजिटल कारोबार तथा यसमा अपनाउनुपर्ने सावधानी, दैनिक आम्दानी तथा खर्चको विश्लेषण, विप्रेषण पठाउने माध्यम, बचत तथा लगानी, गुनासो व्यवस्थापन आदि विषयमा जानकारी दिइएको थियो । बैंकले वित्तीय साक्षरतालाई प्राथमिकतामा राखी विभिन्न लक्षित समूहलाई वित्तीय साक्षरता कार्यक्रम र बैंक शाखा भ्रमण गर्दै आएको बताइएको छ । आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिँदै जाने योजना बैंकको छ ।

# कामना सेवा विकास बैंक र एनवाईईएफको आयोजनामा 'बैंकिङ एण्ड बिजनेस कन्क्लेभ'




काठमाडौं (अस) । कामना सेवा विकास बैंकले नेपाल युवा उद्यमी मञ्च (एनवाईईएफ) चितवनसँगको सहकार्यमा बैंकिङ एण्ड विजनेस कन्क्लेभ कार्यक्रम सम्पन्न गरेको छ । पछिल्लो समयमा व्यवसायी र बैंकबीच दूरी घटाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा चितवनका ६० भन्दा बढी युवा व्यवसायीको सहभागिता थियो। पत्रकार महासंघ चितवनका सचिव राजेश घिमिरेले मध्यस्थता गरेको कार्यक्रममा कामना सेवा विकास बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहाल, एफसिए विमन कार्की र एनवाईईएफ चितवनका पूर्व अध्यक्ष तथा व्यवसायी सुर्यभक्त अधिकारी वक्ताको रूपमा थिए ।

कार्यक्रममा एफसिए कार्कीले आर्थिक चक्रका हरेक चरणमा बैंक र व्यवसायीबीच फरक मत रहने भए पनि प्रचलित कानून र नियमको अधिनमा रही आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्ने तथा वित्तीय विवरणको पारदर्शिता कायम गर्न यस्ता कार्यक्रममार्फत व्यवसायीहलाई वित्तीय साक्षरता प्रदान गर्नुपर्नेमा जोड दिए ।

एनवाईईएफ चितवनका पूर्वअध्यक्ष तथा व्यवसायी अधिकारीले व्यवसायी कोभिड १९ को चपेटाबाट अगाडि बढ्न नपाउँदै नियमनकारी निकायका विभिन्न नीतिले व्यवसायी थप आक्रान्त बनेको तथा व्यवसायबाट पलायन हुन सक्ने भएकाले बैंकले साना तथा मझौला व्यवसायीलाई संरक्षण गर्नुपर्ने जिकिर गरे । बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहालले पछिल्लो समय नियमन र वित्तीय अनुशासन कायम गर्न केन्द्रीय बैंक तथा वित्तीय संस्था अग्रसर हुँदा व्यवसायीलाई असहज महसूस भए पनि दीर्घकालमा यसले सकारात्मक प्रभाव पार्ने बताए ।

# आइएमई लाइफलाई तीन विधामा इमर्जिङ एशिया अवार्ड



काठमाडौं (अस) । जीवन बीमक, आइएमई लाइफ इन्स्योरेन्सले पाँचौं संस्करणको 'इमर्जिङ एशिया अवार्डमा' सर्वश्रेष्ठ जीवन बीमा अवार्डसहित तीन विधामा अवार्ड प्राप्त गरेको छ । कम्पनीले सर्वश्रेष्ठ जीवन बीमा अवार्ड, बीमा विस्तारमा उत्कृष्ट रणनीति अवार्ड र बीमा नेतृत्वमा महिला विधा अवार्ड जितेको हो । उक्त अवार्डमा स्वतन्त्र तथा विशिष्ट निर्णायकले निर्णय गरेको बताइएको छ । यो कार्यक्रमले आइएमई लाइफ इन्स्योरेन्सको ग्राहक-केन्द्रित सेवाहरू, नवप्रवर्तनकारी रणनीति र सहभागितामूलक नेतृत्वको कदर गरेको कम्पनीले बताएको छ ।

नेपालभित्र बीमा सचेतना फैलाउने, आधुनिक प्रविधिमैत्री सेवा प्रदान गर्ने तथा महिलालाई बीमा नेतृत्वमा सशक्त बनाउने आफ्नो उद्देश्यलाई यस अवार्डले थप प्रोत्साहन गरेको आइएमई लाइफले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरी आइएमई लाइफका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्का प्यानल डिस्कसनमा वक्ताका रूपमा सहभागी थिए । उनीसँगै जिम विचर्डले आफ्नो २८ वर्षभन्दा बढी विश्वव्यापी अनुभव, बीमा उद्योग तथा चुनौती र सकारात्मक पक्षहरूमाथि प्रकाश पारेका थिए । कार्यक्रममा डा. राजीव सिंह, डाइरेक्टर जनरल आइसिसी, अतनु सेन, जिम बिचर्डले विशेष सम्बोधन गरेका थिए ।

## बागमती प्रदेशसभा
# विधेयक छलफलका लागि समितिमा पठाइयो

मकवानपुर । बागमती प्रदेशसभाको बैठकले चारओटा संशोधन सहितका विधेयक सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाउन स्वीकृति प्रदान गरेको छ । प्रदेशसभाको बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री किरण थापा मगरको तर्फको श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले पेस गरेको 'मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक' लाई शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइएको हो ।

उद्योग, वाणिज्य भूमी तथा प्रशासनमन्त्री शुकमाया तामाङले 'प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक' र 'प्रोदेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक'लाई पर्यटन तथा वातावरण समितिमा पठाइएको छ ।

यसैगरी शनिवारको बैठकमा कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले पेस गरेको प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाको कार्यालयबाट सन्देशसहित फिर्ता आएको 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि दफाबार छलफलका लागि शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा पठाइएको छ। ती विधेयक सोही बैठकले सर्वसम्मत्तिले स्वीकृति प्रदान गरेको थियो । 'प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' शनिवारको बैठकमा पेस हुने कार्यसूचीबाट हटाइएको प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिए । *रासस*

**गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.**
विराटनगर-०७, मोरङ्ग, फोन नं. ०२१-५९०९०२, ०१-५९१८०१७
इमेल info@gmli.com.np, वेबसाईट www.gmli.com.np

**गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. को सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण :**

**विवरण सार्वजनिक गरेको अवधि : २०८१/०७/०१ देखि २०८१/०९/२९ सम्म**

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३, बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम इजाजतपत्र प्राप्त लघु जीवन बीमा कम्पनी हो ।

२. **निकायको काम कर्तव्य र अधिकार :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, लघु बीमा निर्देशिका २०७९, कम्पनीको प्रवन्धपत्र तथा नियमावली, प्रचलित कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रहि लघु जीवन बीमा व्यवसाय गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** आ.व. २०८१/०८२ को पौष मसान्त सम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या ६३ जना रहेको छ। विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ। व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेवसाइट www. gmli.com.np मा उपलब्ध छ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बीमा ऐन २०७९ बमोजिम लघु जीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पुर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** मिति २०८१ पौष मसान्त सम्म यस कम्पनीको प्रधान कार्यालय बिराटनगर-७ मोरङ्ग, बाग्मती प्रदेश कार्यालय का.म.न.पा. वडा नं. ३० सानो गौचरणमा र देशभर विभिन्न स्थानमा शाखा कार्यालय, उप-शाखा कार्यालय र एक्टेनसन काउण्टर गरी जम्मा २४ स्थानबाट लघु जीवन बीमा सेवा प्रदान गरिएको छ। सेवा प्रदान गर्ने शाखा, उप-शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेवसाईट www. gmli.com.np मा रहेको छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा तोकिएको बीमादर बमोजिम जोखिम बिश्लेषणको आधारमा बीमाशुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा बीमितबाट यथाशिघ्र आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले २१ दिन भित्र भुक्तानी गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** विषय वस्तुको प्रकृति हेरी प्रबन्धक, विभागीय प्रमुख, विभिन्न समिति, प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिले निर्णय गर्नेछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नको लागि विषय वस्तुको प्रकृतिको आधारमा कम्पनीका विभागीय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृतलाई उजुरी सुन्ने अधिकारीको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** हाल नेपाल बीमा प्राधिकरणबाट स्वीकृत लघु म्यादी तथा लघु सावधिक जीवन बीमालेख र सो सँग सम्वन्धीत पुरक करार सहितको लघु जीवन बीमालेखहरु बिक्री वितरण भइ रहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :** कार्यालय प्रमुखको नाम : श्री चिरायु भण्डारी, प्रमुख कार्यकारी अधिकृत र सूचना अधिकारीको नाम : श्री ज्योति प्रकाश पाण्डे, नायव प्रमुख कार्यकारी अधिकृत ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बीमा ऐन २०७९, कम्पनी ऐन २०६३, सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४, आयकर ऐन २०५८, श्रम ऐन २०६४, बोनस ऐन २०३०, मुल्य अभिबृद्धि कर ऐन २०५२, सो ऐन अन्तर्गत बनेका नियम, विनियम, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका २०७५, लघु बीमा निर्देशिका २०७९ तथा नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशिका, परिपत्रहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको छ र यस कम्पनीको वेभसाईट www.gmli.com.np मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :** नभएको

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएमा सो को विवरण :** कर्मचारीहरुको तालिम, अभिकर्ताहरुको तालिम ।

१५. **निकायको वेभसाइट भए सो को विवरण :** www. gmli.com.np

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रतिवेदन :** त्रैमासिक आर्थिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको तथा कम्पनीको वेवसाइटमा समेत राखिएको छ ।

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।१०।२७**

| क्र.सं. | कामको विवरण | बोलपत्र नं |
|---|---|---|
**६.संस्थागत सुशासन** : यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालना गरेको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, लगानी नीति, कर्जा नीति, नगद सञ्चालन निर्देशिका, सुचना प्रविधि सम्बन्धी निर्देशिका, कर्जा अपलेखन विनियमावली, वचत नीति, सम्पति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धी नीति तथा कार्यविधी, ग्राहक संरक्षण कोष कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कार्यविधी, संचालक शिक्षा सम्बन्धी कार्यविधी, कर्मचारी कार्य सम्पादन मुल्यांकन कार्यविधि बनाइ पालना गरिएको छ । वित्तीय संस्थाले आफ्नो कारोबार चुस्त दुरुस्त, छिटो, छरितो, पारदर्शी एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन लेखा परिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु गठन गरी कार्यान्वयनमा ल्याएको छ ।

**७.सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सु-सुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सुचना तथा जानकारीहरु लुकाइएको छैन ।



तस्वीर : रासस

बेसीशहर–चामे सडक अन्तर्गत मनाङको नासो गाउँपालिकाबाट चामेसम्मको सडक खण्ड स्तरोन्नति गरिँदै । मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाले डुम्रे–बेसीशहर–चामे–मनाङ सडक आयोजनासँगको सहकार्यमा सडकको स्तरोन्नति गरेको हो ।

# Api Power Company Ltd.

4th Floor Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 01-5111037, 01-5111093, Email: apipowercompany@gmail.com
web: www.apipower.com.np

**UNAUDITED FINANCIAL STATEMENTS FOR THE SECOND QUARTER, FISCAL YEAR 2081/82 ENDED 29TH POUSH 2081 (13TH JANUARY 2025)**

| Particulars | This Quarter Ending Poush End 2081 | Previous Quarter Ending Ashwin End 2081 | Corresponding Previous Year Quarter Ending Poush end 2080 |
|---|---|---|---|
| Assets | | | |
| **Non Current Assets** | | | |
| Property, plant and equipment | 165,195,145 | 164,964,066 | 28,140,296 |
| Right of use assets | 10,249,738 | 10,355,678 | - |
| Intangible assets | 11,189,384,445 | 11,292,382,329 | 11,272,894,482 |
| Project work-in-progress | 117,762,342 | 113,118,301 | 110,755,491 |
| Investment in Subsidiaries and Associates | 1,641,058,962 | 1,279,463,962 | 217,972,675 |
| Other investments | 36,668,614 | 143,541,947 | 572,540,320 |
| Other non-current assets | 2,016,893 | 2,016,893 | - |
| **Total Non Current Assets** | **13,162,336,140** | **13,005,843,176** | **12,202,303,264** |
| **Current Assets** | | | |
| Trade receivables | 251,842,114 | 360,479,097 | 228,482,210 |
| Cash and cash equivalents | 35,462,629 | 21,178,287 | 12,572,164 |
| Other financial assets | 118,051,185 | 865,488,052 | 1,168,865 |
| Other current assets | 126,695,533 | 106,725,454 | 182,624,217 |
| Current tax assets (net) | 40,976 | 294,443 | 169,739 |
| **Total Current Assets** | **532,092,438** | **1,354,165,334** | **425,017,195** |
| **Total Assets** | **13,694,428,578** | **14,360,008,510** | **12,627,320,458** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 6,075,927,807 | 5,786,597,912 | 5,786,597,912 |
| Other Equity | 557,640,465 | 732,213,294 | 191,323,288 |
| **Total Equity** | **6,633,568,271** | **6,518,811,206** | **5,977,921,200** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Non-Current Borrowings | 6,040,666,727 | 6,359,680,512 | 4,880,002,623 |
| Deferred tax liabilities (net) | 170,827,663 | 135,868,274 | - |
| Other non-current liabilities | 13,205,973 | 13,237,518 | - |
| Provisions | 7,920,855 | 7,920,855 | - |
| Total Non-Current Liabilities | 6,232,621,217 | 6,516,707,159 | 4,880,002,623 |
| Current Liabilities | | | |
| Current Borrowings | 524,181,177 | 318,831,799 | 1,113,177,780 |
| Other financial liabilities | 265,413,604 | 286,661,072 | 622,938,390 |
| Other current liabilities | 33,973,870 | 714,101,834 | 33,044,385 |
| Current tax Liabilities (net) | - | - | 236,079 |
| Provisions | 4,670,439 | 4,895,439 | - |
| **Total Current Liabilities** | **828,239,089** | **1,324,490,145** | **1,769,396,634** |
| **Total Liabilities** | **7,060,860,307** | **7,841,197,304** | **6,649,399,258** |
| **Total Equity and Liabilities** | **13,694,428,578** | **14,360,008,510** | **12,627,320,458** |

| Particulars | This Quarter Ending Poush End 2081 | Previous Quarter Ending Ashwin End 2081 | Corresponding Previous Year Quarter Ending Poush end 2080 |
|---|---|---|---|
| Revenue from operations | 858,047,822 | 475,228,568 | 620,066,796 |
| Cost of sales | (147,231,979) | (42,696,596) | (88,243,542) |
| **Gross Profit** | **710,815,843** | **432,531,973** | **531,823,254** |
| Other Income | 16,467,381 | 2,775,700 | 1,180,395 |
| Administrative Expenses | (25,347,882) | (18,432,578) | (17,337,784) |
| Depreciation and Amortisation Expense | (209,822,706) | (105,671,015) | (297,855,110) |
| Fair Value Gain / (Loss) on Investment through FVTPL | 223,114,957 | 83,203,007 | (487,712) |
| **Profit from Operation** | **715,227,594** | **394,407,087** | **217,323,043** |
| Finance Income | 160,426 | 120,179 | - |
| Finance Costs | (339,354,128) | (186,874,765) | (214,798,624) |
| **Profit before staff bonus and tax** | **376,033,891** | **207,652,501** | **2,524,419** |
| Staff Bonus | (7,520,678) | (4,153,050) | (144,920) |
| **Profit before tax** | **368,513,214** | **203,499,451** | **2,379,499** |
| Current Tax | (793,389) | (723,970) | (236,079) |
| Deferred Tax | (56,031,475) | (21,072,086) | - |
| **Profit/(Loss) For the Period** | **311,688,350** | **181,703,396** | **2,143,420** |
| **Other Comprehensive Income** | | | |
| Items that will not be reclassified to profit or loss | | | |
| (a) Remeasurement of defined benefit plans | - | - | - |
| (b) Equity instruments classified at FVTOCI | - | - | 77,310,000 |
| Income Tax Relating to Above Items | | | |
| **Other Comprehensive Income (net of tax)** | - | - | - |
| **Total Comprehensive Income for the year** | **311,688,350** | **181,703,396** | **79,453,420** |

| Ratios | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| Earnings per share (in Rs. Annualized) | 10.26 | 12.56 | 2.75 |
| Market value per share | 265.0 | 311.9 | 194 |
| Price Earning Ratio | 25.83 | 24.83 | 70.65 |
| Current Ratio | 0.64 | 1.02 | 0.36 |
| Return on Assets (Annualized) | 4.55% | 5.06% | 2.52% |
| Net worth per share (in Rs.) | 109.18 | 112.65 | 103.31 |

**Notes:**
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

**SECOND QUARTER DISCLOSURE AS OF 13th JANUARY 2025 AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073**

**1. Financial Statements**
• The unaudited financial statements for the second quarter and the financial ratios have been published along with this report.
• Important Financial Ratios: As attached in the unaudited financial statements.

**2. Management's Analysis**
• The Company is commercially operating the following projects:
i. 8.5 MW Naugad Gad Small Hydropower
ii. 8.00 MW Upper Naugadh Gad Hydropower Project
iii. 4.00 MW Chandranigahpur Solar Project
iv. 1.00 MW Dhalkebar Solar Project
v. 1.00 MW Simara Solar Project
vi. 40.00 MW Mathillo Chameliya Hydropower Project

**3. Legal Proceedings**
• Lawsuits filed by or against the company: None

**4. Analysis of Shares Transaction**
• Shares of the company were actively traded during the quarter.
• Major highlights of share transaction during the quarter are as follows:
Maximum Price – NPR 317.2, Minimum Price – NPR 246.2, Closing Price – NPR 265, No of Transaction Days – 55, Total Transactions – 37,250 Total Traded Volume – 96,57,646 Total Turnover – NPR 2,76,45,00,000

**5. Problems and Challenges**
**Internal Risk**
• Retention of skilled human resources
• To manage the overhead cost and maintain the operational efficiency

**External Risk**
• Lack of political commitment in development of hydroelectric projects
• Delay of statutory approvals

**6. Corporate Governance**
Board of Directors, Audit Committee and Team Management are committed to strengthening the corporate governance within the Company.

**7. Declaration**
I, the Managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

# नबिलको 'सेलिब्रेटिङ फेलोसिप, जर्नी अफ इम्प्याप्ट' कार्यक्रम सम्पन्न

काठमाडौं (अस) । नबिल बैंक लिमिटेडले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई)अन्तर्गत सञ्चालित फेलोसिप कार्यक्रमको 'सेलिब्रेटिङ फेलोसिप, जर्नी अफ इम्प्याप्ट' कार्यक्रम सम्पन्न गरेको छ । बिहीवार कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयमा आयोजित एक कार्यक्रममा फेलोसिप कार्यक्रमका दोस्रो र तेस्रो कोहर्टका सहभागीलाई प्रमाणपत्रसहित बिदाइ तथा चौथो कोहर्टका सहभागीको स्वागत गरिएको हो ।

बैंकले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गत स्कुल अफ म्यानेजमेन्टसँगको सहकार्यमा समाजमा उद्यमशीलताका माध्यमबाट सामाजिक समस्याको दीर्घकालीन समाधान गर्ने उद्देश्यले गत तीन वर्षदेखि यो कार्यक्रम सञ्चालन गर्दै आएको हो । कार्यक्रममा फेलोसिप कार्यक्रमका सहभागीले नवीन उद्यममार्फत प्राप्त गरेको उपलब्धि, प्रशिक्षकहरूको योगदान तथा कार्यक्रमको समग्र प्रभावबारे चर्चा गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्राडा. महानन्द चालिसेले नबिल एसएसई कार्यक्रम समाजमा परिवर्तन ल्याउन महत्त्वपूर्ण पहल भएको चर्चा गर्दै यसलाई थप विकास र विस्तार गर्न सकिने धारणा व्यक्त गरे । नबिल एसएसईजस्ता कार्यक्रमले नवउद्यमीलाई व्यावसायिक विकासका लागि मार्गदर्शन गर्ने उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथि त्रिविका उपकुलपति प्राडा. केशरजंग बरालले उद्यमी र शैक्षिक संस्थाबीचको सहकार्य सामाजिक उद्यमशीलता प्रवर्द्धनका लागि महत्त्वपूर्ण भएको धारणा व्यक्त गरे । 'यो कार्यक्रमले युवाहरूमा जागीर खाने होइन, जागीर दिने मानसिकतामा परिवर्तन ल्याउनेछ,' उनले भने ।

नबिल बैंकका निर्देशक निर्वाण चौधरीले सामाजिक उद्यमशीलताको महत्त्वबारे चर्चा गर्दै फेलोसिप कार्यक्रमले विभिन्न कठिनाइका बीच पनि नेपाली युवालाई रोजगारदाताका रूपमा अघि बढ्न प्रेरित गरिरहेको उल्लेख गरे ।

त्रिविका रेक्टर प्राडा. खड्ग केसीले छिमेकी मुलुक चीनले सन् १९८० को दशकदेखि नै यस प्रकारका कार्यक्रम सञ्चालन गरिरहेको उदाहरण पेश गर्दै नेपालमा पनि शैक्षिक संस्था र उद्योगीबीच सहकार्यको आवश्यकता औंल्याए। नबिल बैंकले उद्यमशीलता प्रवर्द्धनका लागि त्रिभुवन विश्वविद्यालयसँगको सहकार्यको प्रशंसा गर्दै प्राडा. केसीले नबिल एसएसईले रोजगारी प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आशा व्यक्त गरे । नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले फेलोसिप कार्यक्रमअन्तर्गत चौथो समूहलाई स्वागत गर्दै यसअघिका तीन समूहका सहभागीले ४५ ओटा उद्यम स्थापना गरी हालसम्म एक हजार दुई सयलाई रोजगारी उपलब्ध गराइरहेको जानकारी दिए । प्रवासी नेपाली कामदारहरूले आर्जन गरेको शीप सदुपयोग गरी स्वदेशमै उद्यमशीलताको विकास गर्न सकिने धारणा उनले राखे ।

नबिल बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले कार्यक्रमलाई सफल बनाउन त्रिभुवन विश्वविद्यालयको सहकार्यप्रति आभार व्यक्त गरे ।

सो अवसरमा फेलोसिप कार्यक्रमका दोस्रो र तेस्रो समूहका सदस्यलाई प्रमाणपत्र वितरण गरिएको थियो भने चौथो समूहलाई औपचारिक रूपमा स्वागत गरिएको थियो । साथै प्रशिक्षकहरूलाई योगदानको कदर गर्दै सम्मान गरिएको थियो । कार्यक्रममा फेलोहरूले आफूले उत्पादन गरेका विभिन्न सामानको प्रदर्शनी तथा विक्रीका लागि २० भन्दा बढी स्टल राखिएका थिए ।




**नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले फेलोसिप कार्यक्रमअन्तर्गत चौथो समूहलाई स्वागत गर्दै यसअघिका तीन समूहका सहभागीले ४५ ओटा उद्यम स्थापना गरी हालसम्म एक हजार दुई सयलाई रोजगारी उपलब्ध गराइरहेको जानकारी दिए ।**

# पर्यटकीय गन्तव्य बन्दै 'छिल्लीकोट'

तुलसीपुर । पर्यटकीय क्षेत्र तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटमा पछिल्लो समय आउने पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ । १५/१६औं शताब्दीमा राजा मेघनाथ शाहले राज गरेको यस ठाउँको अवलोकन गर्न आउनेहरू निरन्तर बढ्दै गएको स्थानीय प्रवीर पुनले बताए ।

'अहिले बेलझुण्डी र संग्राम ब्यारेक हुँदै दुईवटा सडक प्रयोग गरेर पर्यटकहरू यहाँ आउने गरेका छन् । त्यहाँबाट सात किलोमिटर हिँडेपछि छिल्लीकोट पुग्ने गरिन्छ,' उनले भने, 'छिल्लीकोट पुग्ने पर्यटनमार्ग अहिले कालोपत्र भइरहेको छ, त्यो सम्पन्न भए झनै सहज हुनेछ र पर्यटकको संख्या थप बढ्नेछ ।' अहिले पनि कहिलेकाहीं दैनिक एक हजार ५०० सम्म पर्यटकले अवलोकन गर्ने गरेको पुनले बताए ।



छिल्लीकोटमा निर्माण भएको भ्यूटावर, कालिका-मालिका मन्दिर, राजा बसेको दरबारको भग्नावशेष, छिल्लीकोटबाट देखिने सिस्ने, धवलागिरिलगायतका हिमाल, दाङका फाँट, सल्ल्यान, रोल्पा, रुकुमका पहाडी भेग, छिल्लीकोटमकै मालागिरि, त्यहाँ बनेको जिपलाइनलगायत अवलोकन गर्न त्यहाँ पर्यटक पुग्ने गर्छन् ।

यस क्षेत्रमा केबलकार निर्माणका लागि सम्भाव्यता अध्ययन भएको छ भने प्याराग्लाइडिङको सफल परीक्षण पनि भइसकेको छ । यी दुवै कार्यसम्पन्न भएमा यो क्षेत्र नेपालकै महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य बन्ने स्थानीयको विश्वास छ ।

**छिल्लीकोटमा निर्माण भएको भ्यूटावर, कालिका–मालिका मन्दिर, राजा बसेको दरबारको भग्नावशेष, छिल्लीकोटबाट देखिने सिस्ने, धवलागिरिलगायतका हिमाल, दाङका फाँट, सल्ल्यान, रोल्पा, रूकुमका पहाडी भेग, छिल्लीकोटमकै मालागिरि र त्यहाँ बनेको जिपलाइनलगायत अवलोकन गर्न त्यहाँ पर्यटक पुग्ने गर्छन् ।**

नेपाल एकीकरण गर्ने सिलसिलामा राजेन्द्र लक्ष्मीदेवी शाह गद्दीमा बसेको बेला पृथ्वीनारायण शाहका भाइ बहादुरशाहले नेपाल एकीकरण गर्ने क्रममा छिल्ली राज्य गाभिएको बताइन्छ । तत्कालीन अवस्थामा छिल्लीकोटबाटै मालपोत कार्यालय पनि सञ्चालन गरिएको २००६ सालसम्म त्यो यहाँ रहेको जानकारहरू बताउँछन् । त्यसकारण पनि यसको महत्त्व रहेको बताउने गरिएको छ ।

पछिल्लो समय यस क्षेत्रको पर्यटकीय विकासका लागि काम भइरहेका छन् । यहाँ सातमूलेबाट 'लिफ्टिङ' गरेर पानी ल्याइएको छ । शान्तिसुरक्षाका लागि नेपाल प्रहरीले व्यवस्थापन गरिरहेको छ ।

'यस क्षेत्रको व्यवस्थापनका लागि पहल भइरहेको छ । अब अत्यावश्यक पूर्वाधार विकास र प्रचारप्रसार भएका पर्यटन प्रवर्द्धन हुनुका साथै त्यसबाट स्थानीयवासी लाभान्वित हुने थियौं,' स्थानीय प्रवीर पुनको भनाइ छ । *रासस*

# सुस्तायो 'स्याटेलाइट सिटी' को योजना



पोखरा । गण्डकी प्रदेश सरकारले सुरु गरेको 'स्याटेलाइट सिटी'को योजना स्पष्ट नीति र बजेट अभावमा सुस्ताएको छ । प्रदेशका ६ स्थानीय तहमा 'स्याटेलाइट सिटी' बनाउने घोषणा गरेको वर्षौं बितिसक्दा पनि पूर्वाधार निर्माणले गति लिन सकेको छैन । स्रोतसाधनको सीमितताका कारण उक्त योजना कार्यान्वयनमा चुनौती थपिएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ ।

'घना बस्ती भएका ठूला शहरको नजिकमा अन्य नयाँ शहर विकास गर्ने अवधारणाअनुसार यो कार्यक्रम ल्याइएको हो,' मन्त्रालयको योजना अनुगमन, मूल्यांकन तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख डा. महेन्द्र बानियाँले भने, 'तर सोचेजस्तो ढंगले स्याटेलाइट सिटीको कार्यक्रमलाई अगाडि बढाउन सकिएको छैन, बजेटको प्राथमिकतामा पनि यो योजना पर्न सकेको छैन ।' 'स्याटेलाइट सिटी'का लागि शहरी पूर्वाधार बनाउन ठूलो बजेट चाहिने उनले बताए ।

उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको स्पष्ट नीति र योजनाको खाका पनि तयार हुन नसक्दा समस्या भइरहेको महाशाखा प्रमुख डा. बानियाँले बताए । 'स्याटेलाइट सिटी' कार्यक्रमअन्तर्गत व्यवस्थित शहरी विकासका न्यून मात्र काम भएको उनको भनाइ छ । उनका अनुसार तनहुँको भिमाद नगरपालिका तथा शुक्लागण्डकी नगरपालिका, लमजुङको मध्यनेपाल नगरपालिका, पर्वतको कुश्मा नगरपालिका, फलेवास नगरपालिका र स्याङ्जाको पुतलीबजार नगरपालिकामा उक्त कार्यक्रम सञ्चालित छ ।

मन्त्रालयको तथ्यांकअनुसार हालसम्म तनहुँको भिमादमा दुई सय मिटर सडक ढलान र नाली निर्माण गरिएको । शुक्लागण्डकी-८ मा नगरस्तरीय रंगशाला निर्माणका लागि ठेक्का सम्झौता भएको छ । लमजुङको मध्यनेपालमा एक सय ७५ मिटर सडक ढलान र नाली बनेको छ । पर्वतको कुश्मा-९ र १३ मा वडा कार्यालय निर्माण गरिएको छ । फलेवास-२ र ११ मा वडा कार्यालय भवन निर्माणाधीन छ । स्याङ्जाको पुतलीबजार-९ को वडा कार्यालय भवन निर्माण भएको छ ।

'स्याटेलाइट सिटी' कार्यक्रममार्फत अन्य शहरी पूर्वाधार बनाउनुपर्नेमा कतिपय स्थानीय तहले वडा कार्यालयका भवन बनाएका छन् । 'ठूला शहर र प्रशासनिक मुकामदेखि नजिकका ठाउँमा शहर विकास गर्ने यो कार्यक्रमको लक्ष्य हो, दुई शहरबीचको यातायातको सुविधादेखि अन्य सेवासुविधाको सहज पहुँचका लागि सोहीअनुसार पूर्वाधार विकास गर्नुपर्छ,' महाशाखा प्रमुख डा. बानियाँले भने, 'अध्ययन, पेसा, व्यवसाय गर्ने मानिस पनि मुख्य शहरसम्म दैनिक आउजाउ गर्न सकुन्, नयाँ र वैकल्पिक शहर बनोस् भन्ने ध्येयले 'स्याटेलाइट सिटी'को अवधारणा अघि सारिएको हो ।' उक्त योजनामा आवासीय, व्यापारिक र औद्योगिक क्षेत्रलाई छुट्टाछुट्टै ठाउँमा व्यवस्थित गरिने उल्लेख छ ।

'स्याटेलाइट सिटी' घोषणा गरिएको ठाउँमा विद्युत्, सडक, खेलमैदान, उद्यान, सुविधासम्पन्न सभाकक्षलगायत पूर्वाधार बनाउने प्रदेश सरकारको योजना अहिलेसम्म अधुरै छ । व्यवस्थित सडक र भौतिक पूर्वाधार बनाएर आधुनिक शहर बसाउने योजना सुस्ताएपछि स्थानीयले पनि गुनासो गर्न थालेका छन् । प्रदेश सरकारले भने बहुवर्षीय योजना भएकाले बजेट बढाउँदै लगिने जनाएको छ । *रासस*

# तनहुँमा १ हजार ९६८ हेक्टरमा सुन्तलाखेती

## साढे ४२ करोडको विक्री



दमौली (तनहुँ) । तनहुँमा सुन्तलोखेतीको क्षेत्रफल १ हजार ९६८ हेक्टर पुगेको छ । उक्त क्षेत्रफलमध्ये ९६० हेक्टर क्षेत्रफलबाट सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी किरण परियारले जानकारी दिए । तनहुँका किसानले यस वर्ष सुन्तला विक्रीबाट रू. ४२ करोड ५० लाख आम्दानी गरेका छन् । जिल्लामा गतवर्ष रू. ३० करोड बराबरको सुन्तला विक्री भएको थियो ।

उनका अनुसार यस वर्ष पाँच हजार ८३१ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गतवर्ष जिल्लामा तीन हजार सात सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । परियारका अनुसार देवघाट, शुक्लागण्डकी र म्याग्दे गाउँपालिकामा सुन्तलाको उत्पादन राम्रो छ । म्याग्दे गाउँपालिका-३ उमाचोकका सुकनारायण श्रेष्ठले यस वर्ष सुन्तला विक्री गरी रू. ७० लाख आम्दानी गरे । देवघाट गाउँपालिका-३ का लुंगिङमा एकै घरपरिवारले रू. २० लाखसम्मको सुन्तला विक्री गरेको छ ।

किसान भीमबहादुर रानाले यस वर्ष उक्त वडाबाट रू. तीन करोडभन्दा बढीको सुन्तला विक्री भइसकेको बताए । विगतमा अन्नबाली राम्रो नहुँदा चिन्तामा परेका यहाँका किसान पछिल्ला वर्षमा सुन्तलाले राम्रो आम्दानी दिन थालेपछि उत्साहित भएको किसान प्रेम थापाले बताए ।

जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती विस्तारको सम्भावना रहेको केन्द्रले जनाएको छ । केन्द्रले सुन्तलाखेती गर्ने किसानलाई बगैंचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । परियारका अनुसार, देवघाट-२ र ३, आँबुखैरेनी-५, म्याग्दे ४, व्यास-७, १३ र १४, भिमाद-८ र ९, बन्दीपुर-३, ऋषिङ-३ र घिरिङमा सुन्तलाखेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौंका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरीदका लागि व्यापारी बगैंचासम्म पुग्ने गरेका छन् ।

काठमाडौंका अलावा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला विक्री हुने गरेको छ । साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा पनि यहाँको सुन्तला विक्री हुने गरेको किसान बताउँछन् । जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैंचासम्म पुगेर सुन्तला खरीद गर्ने गरेका छन् । *रासस*


## सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
## Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

**केन्द्रीय कार्यालय:** बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०१-५९१२७५२/०११-६६२२७५

**कर्पोरेट कार्यालय:** महालक्ष्मी-४, ललितपुर
Web site: www.swmfi.com.np

## Interim Financial Statements

### Unaudited Condensed Statement of Financial Position (As per NFRS)
As on Quarter Ended 29th Poush 2081

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & cash equivalents | 251,571,217 | 667,257,875 |
| Statutory balances and due from Nepal Rastra Bank | 54,132,679 | 54,132,679 |
| Placement with Bank & Financial Institutions | | - |
| Derivative Financial Institutions | | - |
| Other Trading Assets | | - |
| Loans and Advances to MFIs & Cooperatives | | - |
| Loan & Advances to Customers | 11,484,330,951 | 11,107,755,885 |
| Investment Securities | 42,700,000 | 2,000,000 |
| Current Tax Assets | 16,484,299 | - |
| Investment Property | | - |
| Property and Equipment | 95,973,900 | 98,079,834 |
| Goodwill and Intangible Assets | 1,595,530 | 1,772,811 |
| Deferred Tax Assets | 23,130,502 | 23,130,502 |
| Other Assets | 76,269,727 | 74,214,524 |
| **Total Assets** | **12,046,188,804** | **12,028,344,108** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 5,160,829,956 | 4,824,767,842 |
| Borrowings | 5,045,191,066 | 5,441,196,116 |
| Current Tax Liabilities | 16,081,909 | 5,697,029 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | |
| Other Liabilities | 304,599,510 | 279,203,081 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **10,526,702,442** | **10,550,864,068** |
| **Equity** | | |
| Share Capital | 1,106,286,296 | 910,782,509 |
| Share Premium | - | - |
| Retained Earnings | 23,035,883 | 204,118,356 |
| Reserves | 390,164,184 | 362,579,176 |
| **Total Equity** | **1,519,486,363** | **1,477,480,040** |
| **Total Liabilities and Equity** | **12,046,188,804** | **12,028,344,108** |

### Condensed Statement of Profit and Loss
As on Quarter Ended 29th Poush 2081

*NRS.*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 411,772,392 | 705,866,150 | 335,875,397 | 683,625,115 |
| Interest Expense | 194,871,395 | 401,903,516 | 216,304,314 | 428,632,100 |
| **Net Interest Income** | **216,900,997** | **303,962,635** | **119,571,083** | **254,993,015** |
| Fee and Commission Income | 34,955,766 | 62,965,917 | 44,787,667 | 85,723,329 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **34,955,766** | **62,965,917** | **44,787,667** | **85,723,329** |
| Net Interest, Fee and Commisson Income | 251,856,763 | 366,928,551 | 164,358,750 | 340,716,345 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **251,856,763** | **366,928,551** | **164,358,750** | **340,716,345** |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | 17,929,608 | 25,018,156 | 19,641,643 | 24,321,122 |
| **Net Operating Income** | **233,927,156** | **341,910,396** | **144,717,106** | **316,395,223** |
| **Operating Expenses** | **133,136,982** | **288,304,031** | **128,008,539** | **282,840,398** |
| Personnel Expenses | 105,246,750 | 231,836,884 | 100,455,962 | 225,096,455 |
| Other Operating Expenses | 26,479,974 | 53,651,632 | 25,649,632 | 53,938,053 |
| Depreciation & Amortisation | 1,410,258 | 2,815,515 | 1,902,945 | 3,805,890 |
| **Operating Profit** | **100,790,174** | **53,606,364** | **16,708,567** | **33,554,825** |
| Non Operating Income | - | - | | - |
| Non Operating Expenses | - | - | - | - |
| **Profit before Income Tax** | **100,790,174** | **53,606,364** | **16,708,567** | **33,554,825** |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 16,081,909 | 16,081,909 | 5,012,570 | 10,066,447 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **84,708,265** | **37,524,455** | **11,695,997** | **23,488,377** |
| **Condensed Statement of Comprehensive Income** | - | - | - | - |
| Profit for the Period | 84,708,265 | 37,524,455 | 11,695,997 | 23,488,377 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **84,708,265** | **37,524,455** | **11,695,997** | **23,488,377** |
| Basic Earning per share (Annualized) | | 6.78 | | 5.16 |
| Diluted Earning per share (Annualized) | | 6.78 | | 5.16 |

### Ratios as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 11.43% | | 11.75% |
| Non-Performing Loan (NPL) to Total Loan | | 5.44% | | 7.34% |
| Total Loan Loss Provision to Total NPL | | 45.92% | | 28.10% |
| Cost of Funds | | 8.13% | | 9.76% |
| Credit to Deposit and Borrowing Ratio | | 112.53% | | 112.48% |
| Base Rate | | 13.30% | | 15.51% |
| Interest Rate Spread | | 6.70% | | 5.12% |

### Interest Rate

| | |
|---|---|
| Deposit | 7.5% to 10.15% |
| Loan & Advance | 14% to 15% |

### Details about the Distributable Profit for the Quarter

| Particulars | NRS. |
|---|---|
| Net Profit/(Loss) for the period end 2nd Quarter | 37,524,455 |
| 1. Appropriations | |
| 1.1 Profit required to be appropriated to: | 8,443,002 |
| a. General Reserve | 7,504,891 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 375,245 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 562,867 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **(19,520,715)** |
| a. Transfer to Regulatory Reserve | (19,520,715) |
| b. Transfer from Regulatory Reserve | - |
| **Net Profit/(Loss) for the period end 2nd Quarter available for distribution** | **9,560,738** |

### Condensed Statement of Comprehensive Income
As on Quarter Ended 29th Poush 2081

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the period | 84,708,265 | 37,524,455 | 11,695,997 | 23,488,377 |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income | 84,708,265 | 37,524,455 | 11,695,997 | 23,488,377 |
| Basic Earning Per Share (Annualized) | | 6.78 | | 5.16 |
| Diluted Earning Per Share ( Annualized) | | 6.78 | | 5.16 |

**Notes:**
(1)The above financial statements have been issued as per Nepal Financial Reporting Standards and Carve outs issued by Institute of Chartered Accountants of Nepal subject to the following:
a. SWMF has applied first time adoption of NFRS during FY 2079.80.
b. The loans and advances include interest receivables (those allowed for recognition of income as per NRB Directives on recognition of interest income) and net of loan loss provision.
c. Leave and Gratuity liabilities are presented as per estimated liabilities computation which is allowed as per NAS 34: Interim Financial Reporting.
d. Previous period quaterly figures has been regrouped/reclassified and restated to facilitate the comparison.
e. Unearned Interest Income has been transferred to Regulatory Reserve.
(2) The above figures are subject to change as per the direction of regulations/supervision and External auditors.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४( नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान हिसाब सम्बन्धी विवरण :**
यस संस्थाको आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ । साथै, उल्लेखित वित्तीय विवरण यस संस्थाको आधिकारीक वेबसाइट *www.swmfi.com.np* मा समेत प्रकाशन गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु (आवश्यक्ता अनुसार वार्षीकीकरण):**

| प्रतिशेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु ६.७८ | ११०.७५ गुणा | रु १३७.३५ | रु १०८८.८९ | ५.९२ प्रतिशत |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :** समीक्षा अवधिमा वित्तीय संस्थाको मौज्दात र तरलता सन्तोषजनक रहेको छ । लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधि तथा अर्थतन्त्रमा देखिएको मन्दीका कारण वित्तीय कारोवारमा प्रत्यक्ष असर परेता पनि संस्थाको वित्तीय कारोवार सुधारात्मक अवस्थामा रहेको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** वित्तीय संस्थाले लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा पुर्‍याउने उद्देश्य अनुरुप देशका ५५ जिल्लामा १७९ वटा शाखा कार्यालयहरु मार्फत १,८८,३४२ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस वित्तीय संस्थाले छरिएर रहेको बचत संकलन गर्दै लघुवित्त तथा लघुउद्यम जस्ता उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ अग्रसर रहेको छ । आगामी अवधिमा हाल सञ्चालित शाखा कार्यालयहरुलाई थप मजबुत बनाई व्यवसायिक योजना हासिल गर्ने लक्ष्य लिइएको छ । त्यस्तै, समय सापेक्ष सदस्यको चाहना अनुसार सेवा तथा सुविधाहरु परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** समीक्षा अवधिमा वित्तीय संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ । आर्थिक मन्दीको असरले गर्दा ग्राहकको कर्जा तथा ब्याज भुक्तानी गर्ने क्षमतामा ह्रास आई ऋण असुलीमा असर परेको छ । संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा नकारात्मक असर पर्न नदिन सजगता अपनाइएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**
क) समीक्षा अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मूद्दा दायर नभएको ।
ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी सम्बन्धी कुनै मुद्दा दायर नभएको ।
ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :** वित्तीय संस्थाको शेयरको कारोबार नेपाल स्टक एक्सचेञ्ज मार्फत हुने गरेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गर्ने गरेको छ ।

**ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :** त्रैमासिक अवधिमा शेयर अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन तथा कारोवार संख्या (नेपाल स्टक एक्सेचेन्जको वेभसाइट अनुसार)

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ८९७.०० | ७०७.०० | ७५०.९० | ५५ | ३१६५ |

**५. समस्या तथा चुनौती:**
**समस्या:** वित्तीय श्रोतको अनिश्चितता, तरलता अभाव, दक्ष जनशक्तिको परिचालन गर्न लाग्ने बढ्दो लागत ।
**चुनौती:** सदस्य दोहोरोपना तथा अस्वस्थ प्रतिस्पर्धा, नियामक निकायबाट नीति तथा निर्देशनमा हुने परिवर्तन, आर्थिकमन्दीको असर, राजनैतिक अस्थिरता तथा कार्यक्रममा सामना गर्नुपर्ने भौगोलिक कठिनाइ ।
**रणनीति:** कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा जोखिम न्यूनीकरण गर्न निम्न रणनीतिहरु तय गरिएको छ ।
क) क्षेत्रगत संरचनाको आधारमा कार्यक्रम सञ्चालन गरी विकेन्द्रीकृत रुपमा कार्यालय व्यवस्थापन गर्ने ।
ख) लघुवित्त कार्यक्रम सञ्चालन पद्दतीलाई समायानुकुल परिष्कृत गर्ने तथा विद्युतीय वैंकिङ्गको उपयोग गर्ने ।
ग) कर्मचारी दक्षता अभिवृद्धि गर्न क्षमता विकासमा जोड दिने ।
घ) ग्राहकहरुसंगको कारोवारलाई पारदर्शि वनाउन प्रविधीसंग जोड्ने ।

**६. संस्थागत सुशासन:**
नियमनकारी निकायहरुसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न यो वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहदै आएको छ । संस्थाको आन्तरिक नियन्त्रण व्यवस्थाको लागि सञ्चालक समिति अन्तर्गत विभिन्न समितिहरु क्रियाशील रहेका छन् । साथै वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि आदि तर्जुमा गरी लागु गरिएको छ । साथै, आन्तरीक लेखापरीक्षक, बाह्रय लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकले स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट दिएका सल्लाह तथा सुझावहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

**७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उतरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, २७ माघ २०८१ | Sunday, 9 February 2025
आर्थिक अभियान



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको बबरमहलमा आयल निगमको निर्माणाधीन भवन । निर्माण अन्तिम चरणमा पुग्दै छ । ३० महीनामा करीब ८० करोडमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त भवनको निर्माण २०७८ पुसमा शुरू भएको हो ।

# फोनपे र युपीआईबीच ४ लाख पटकभन्दा बढी कारोबार

काठमाडौं (अस) । नेपालको फोनपे र भारतको यूपीआईबीच सन् २०२४ को मार्चमा शुरू भएको अन्तर-सञ्चालनबाट हालसम्म ४ लाख पटकभन्दा बढी कारोबार भएको तथ्यांक सार्वजनिक भएको छ । काठमाडौंस्थित भारतीय राजदूतावासले आयोजना गरेको स्टार्टअप महाकुम्भ (एसएमके) २०२५ को लागि 'कर्टेन रेजर कार्यक्रम अन्तर्गत दोस्रो भारत-नेपाल स्टार्टअप कनेक्ट' कार्यक्रममा उक्त तथ्यांकबारे जानकारी गराइएको हो, जसलाई डिजिटल कनेक्टिभिटीको उत्कृष्ट उदाहरण भएको बताइएको छ । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतमा बढ्दो स्टार्टअप संस्कृति र डिजिटल परिवर्तनबारे चर्चा गर्दै डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डीपीआई) सीमापार सहयोगको महत्त्वपूर्ण पक्ष रहेको उल्लेख गरे ।

भारत सरकारको डीपीआईआईटीका संयुक्त सचिव सञ्जीवले भारतमा आगामी अप्रिल ३ देखि ५ सम्म हुन लागेको स्टार्टअप महाकुम्भ २०२५ को महत्त्वबारे जानकारी गराउँदै यसलाई दक्षिण एसियाली क्षेत्रका स्टार्टअपका लागि प्रमुख प्रवर्द्धनात्मक कार्यक्रमको रूपमा परिभाषित गरिएको छ ।

कार्यक्रममा नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उदीयमान प्रविधिहरूको महत्त्व स्वीकार

**भारतीय राजदूत नवीन श्रीवास्तवले भारतमा बढ्दो स्टार्टअप संस्कृति र डिजिटल परिवर्तनबारे चर्चा गर्दै डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर (डीपीआई) सीमापार सहयोगको महत्त्वपूर्ण पक्ष रहेको उल्लेख गरे ।**

गर्दै स्टार्टअपका लागि नयाँ अवसर सृजनामा नेपाल सरकारले गरिरहेका प्रयासबारे जानकारी गराएका थिए । नेपाल-भारत सम्बन्ध स्मरण गर्दै उनले एसएमके २०२५ मा नेपाली उद्यमीहरूको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

कार्यक्रममा 'उदीयमान प्रविधि र स्टार्टअप अवसर' शीर्षकमा प्यनल छलफल समेत भएको थियो । छलफलमा सहभागी विशेषज्ञहरूले नेपाल र भारतका स्टार्टअप इकोसिस्टममा नवप्रवर्तन तथा प्रविधिको भूमिकाबारे चर्चा गरेका थिए । सामाजिक प्रभावका लागि डिजिटल पब्लिक पूर्वाधार (डीपीआई)को महत्त्व, सीमापार स्टार्टअप विस्तारका लागि नेपाल-भारत अनुकूल बजार, प्रविधिको माध्यमबाट सामाजिक चुनौतीहरूको प्रभावकारी समाधान, नेपाली स्टार्टअपहरूले भारतको स्टार्टअप फन्डिङ तथा मेन्टरशिप इकोसिस्टमबाट लिन सक्ने लाभ लगायतबारे चर्चा गरिएको थियो

सो अवसरमा भारतीय राजदूतावासले नेपाल-भारत स्टार्टअप सहकार्यलाई प्रवर्द्धन गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ । सन् २०२३ मा पहिलो भारत-नेपाल स्टार्टअप कनेक्ट सफलतापूर्वक सम्पन्न भएको आधारमा यस कार्यक्रमले द्विपक्षीय उद्यमशीलता संलग्नतालाई थप बलियो बनाएको बताइएको छ ।

# प्रदेशको बजेट ६ महीनामा १६ प्रतिशत खर्च

**चालू आर्थिक वर्षको ६ महीनामा कुन प्रदेशको कति खर्च ? (रू. लाखमा)**

| प्रदेश | बजेट | खर्च |
|---|---|---|
| कोशी | ३५२,७९३ | ८७,६८२ |
| मधेश | ४३८,९२२ | २४,६०२ |
| बागमती | ६४५,४०० | १०५,०२९ |
| गण्डकी | ३२९,७८६ | ६३,८४७ |
| लुम्बिनी | ३८९,७०० | ७५,३६१ |
| कर्णाली | ३१४,१०० | ४७,५४७ |
| सुदूरपश्चिम | ३१६,२१९ | ४६,८७० |

*स्रोत : अर्थ मन्त्रालय*



काठमाडौं । चालू आर्थिक वर्षको ६ महीनामा प्रदेशहरूको बजेट खर्च निराशाजनक देखिएको छ । सरकारले सार्वजनिक गरेको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार सो अवधिमा प्रदेशको बजेट खर्च वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत मात्रै छ । कुल रू. दुई खर्ब ७८ अर्ब ६९ करोड २४ लाखको बजेट ल्याएका प्रदेश सरकारले गत पुस मसान्तसम्ममा रू. ४५ अर्ब नौ करोड ३८ लाख बराबर मात्रै खर्च गरेका हुन् ।

मधेश प्रदेशको बजेट खर्च सबैभन्दा कमजोर देखिएको छ । चालू आवका लागि कुल रू. ४३ अर्ब ८९ करोड २२ लाखको बजेट ल्याएको मधेश प्रदेशले पुस मसान्तसम्ममा रू. दुई अर्ब ४६ करोड दुई लाख मात्रै खर्च गरेको छ । यो वार्षिक विनियोजनको पाँच दशमलव ६१ प्रतिशत हो । पूंजीगत शीर्षकमा रू. २७ अर्ब ८९ करोड छुट्ट्याएको मधेश प्रदेशले उक्त विनियोजनको एक प्रतिशत मात्रै खर्च गरेको छ ।

सुदूरपश्चिम प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १४ दशमलव ८२ प्रतिशत मात्रै खर्च गरेको छ । कुल रू. ३१ अर्ब ६२ करोड १९ लाखको बजेट ल्याएको सुदूरपश्चिमले पुस मसान्तसम्ममा रू. चार अर्ब ६८ करोड ७० लाख खर्च गरेको छ ।

त्यसैगरी कर्णाली प्रदेशले १५ दशमलव १४ प्रतिशत खर्च गरेको छ । चालू आवका लागि रू. ३१ अर्ब ४१ करोडको बजेट ल्याएको कर्णालीले पुस मसान्तसम्ममा रू. चार अर्ब ७५ करोड ४७ लाख खर्च गरेको छ । लुम्बिनी प्रदेशले कुल रू. ३८ अर्ब ९७ करोडको वार्षिक बजेट ल्याएको थियो । लुम्बिनीले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत अर्थात् रू. सात अर्ब ५३ करोड ६१ लाख बराबर खर्च गरेको छ ।

गत पुस मसान्तसम्ममा गण्डकी प्रदेशको बजेट खर्च वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत छ । कुल रू. ३२ अर्ब ९७ करोड ८६ लाखको वार्षिक बजेट ल्याएको गण्डकी प्रदेशले पुस मसान्तसम्ममा रू. ६ अर्ब ३८ करोड ४७ लाख खर्च गरेको हो ।

प्रदेशगत रूपमा चालू आवका लागि बागमती प्रदेशले सबैभन्दा ठूलो आकारको बजेट ल्याएको थियो । कुल रू. ६४ अर्ब ५४ करोड चार लाख बराबरको वार्षिक बजेट ल्याएको बागमती प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १६ दशमलव २७ प्रतिशत अर्थात् रू. १० अर्ब ५० करोड २९ लाख बराबर मात्रै खर्च गरेको छ ।

तुलनात्मक रूपमा कोशी प्रदेशको बजेट खर्च सबैभन्दा राम्रो देखिएको छ । पुस मसान्तसम्ममा कोशी प्रदेशले २४ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ । चालू आवका लागि कोशी प्रदेशले रू. ३५ अर्ब २७ करोड ९३ लाखको बजेट ल्याएकोमा रू. आठ अर्ब ७६ करोड ८२ लाख बराबर खर्च गरेको छ ।

मधेश र लुम्बिनीबाहेक सबै प्रदेशले चालू आवका लागि वित्तीय व्यवस्था शीर्षकमा बजेट ल्याएका थिए । तर कुनै पनि प्रदेशले यो शीर्षकको बजेट खर्च गर्न सकेका छैनन् । वित्तीय व्यवस्था शीर्षकको सबै प्रदेशको बजेट खर्च शून्य छ । *रासस*

# क्षेत्र निर्धारण गरेर फोहोर व्यवस्थापन गर्दै कामपा

काठमाडौं । काठमाडौं महानगरपालिकाको फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्न ६ ओटा क्षेत्र निर्धारण गरेको छ । फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउन नयाँ व्यवस्था गर्न लागिएको कामपा वातावरण व्यवस्थापन विभागले जनाकारी दिएको छ । वातावरण विभागको प्रमुख सरिता राईका अनुसार ६ ओटै क्षेत्रमा एक/एकओटा ट्रान्सफर स्टेसन तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लगिनेछ । त्यसका लागि कामपाले ३२ ओटा वडालाई भौगोलिक र जनसंख्याको आधारमा क्षेत्र निर्धारण गरेको हो ।

स्रोतमै वर्गीकरण गरिएको फोहोर मात्रै व्यवस्थापन गरिने राईको भनाइ छ । काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित फोहोर 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुको साथै फोहोरमैला संकलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहोर क्षेत्र निर्धारण गरेर व्यवस्थान गर्न लागिएको हो ।

यसका लागि कामपाले उत्पादकलाई फोहोर व्यवस्थापनको जिम्मा लगाउने गरेको छ । प्रमुख राईका अनुसार फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ । हाल वडा नं ५, १०, २४, २५, २६ र २७ मा स्रोतमै फोहोर वर्गीकरण भइरहेको छ । अब छिट्टै अन्य वडामा पनि फोहोर वर्गीकरण गरेर मात्रै व्यवस्थापन गर्ने तयारी कामपाको छ । स्रोतमा उत्पादित फोहोरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गरिनेछ । *रासस*

**संस्कृति र सास्कृतिक सम्पदाको संरक्षण गरौं !**

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता वीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,

**साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## तथ्यांकोवाच

### पत्रु ब्याट्रीको विश्व आयात बजार ६ अर्ब ६२ करोड अमेरिकी डलर

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | ६,६२३,२३२ | -५१,१६७ | १०० | |
| चीन | १,५६७,३६० | १८७,४४१ | २४ | ८ |
| मेक्सिको | ५३३,३११ | -३२२,७९५ | ८ | ५ |
| कोरिया, गणतन्त्र | ५११,१४३ | -३६०,४२९ | ८ | २ |
| भारत | ४५६,२७७ | -४५४,९५३ | ७ | ८ |
| भियतनाम | ४४९,५१९ | -३५६,०१३ | ७ | १ |
| हङकङ, चीन | ४०२,४१७ | २४७,३८३ | ६ | ० |
| जर्मनी | २८०,५९३ | -४०,३८२ | ४ | १ |
| संयुक्त राज्य अमेरिका | २५१,३०६ | ५५७,७९७ | ४ | ० |
| मलेसिया | २२६,८८९ | -१५९,२५० | ३ | ० |
| थाइल्याण्ड | १४६,०२९ | १०६,८७२ | २ | १ |
| नेदरल्याण्ड्स | १४५,२१५ | ६१,२६३ | २ | १ |
| सिंगापुर | १४०,८५० | -५,९३६ | २ | ० |
| स्पेन | ११३,४५९ | -१०५,४०२ | २ | १ |
| बेल्जियम | ९७,९०८ | -७५,५१६ | २ | १ |
| ताइपेई, चिनियाँ | ९६,०४६ | ९२,२११ | २ | २ |
| जापान | ९०,७८९ | ५८४,९६१ | १ | ० |
| क्यानडा | ९०,६५९ | -१६,९९१ | १ | ० |
| स्वीडेन | ८९,५८५ | -८०,६२१ | १ | १ |
| टर्की | ८२,९८४ | -५६,९५४ | १ | १ |
| फ्रान्स | ७६,७३९ | १०४,५१० | १ | १ |
| बुल्गेरिया | ६९,२७१ | -६८,०७३ | १ | १ |
| संयुक्त अधिराज्य | ६७,२०३ | ६,१४९ | १ | ० |
| अस्ट्रिया | ५९,७५४ | -३९,४८२ | १ | १ |
| इटाली | ५९,४३६ | ३३,७६१ | १ | १ |
| इन्डोनेसिया | ५६,७४२ | -५३,३३५ | १ | ५ |
| चेक गणराज्य | ५६,२४२ | -२६,०३१ | १ | १ |
| हंगेरी | ४५,९२४ | २,९५७ | १ | १ |
| रोमानिया | ३१,३१४ | ३,६१० | १ | १ |
| स्विट्जरल्याण्ड | २३,१५९ | ३,९५४ | ० | ० |
| रूसी संघ | २२,७५२ | -२१,०८० | ० | २ |
| स्लोभेनिया | २१,७२३ | -१७,७०१ | ० | १ |
| डेनमार्क | २१,५६२ | २,९०० | ० | १ |
| घाना | २०,९६२ | -२०,९६२ | ० | ९ |
| इरान, इस्लामिक गणराज्य | २०,१६१ | -२०,१६० | ० | ५ |
| ग्रीस | १६,५५८ | -१५,५२९ | ० | १ |
| इस्टोनिया | १६,४२१ | ४,९२७ | ० | १ |
| फिनल्याण्ड | १५,१९९ | ७,८४५ | ० | १ |
| स्लोभाकिया | १२,६६० | १२,१८३ | ० | १ |
| फिलिपिन्स | १०,४३९ | -४,८०३ | ० | ५ |
| कोस्टा रिका | १०,१६२ | -१०,०६० | ० | ० |
| पोर्चुगल | १०,०३९ | ३,६४७ | ० | १ |
| सर्बिया | ७,६२१ | -६,२१७ | ० | ४ |
| पाकिस्तान | ६,८५३ | -६,८२५ | ० | २० |
| इजरायल | ६,११९ | -२,१०० | ० | ० |
| ब्राजिल | ५,९३६ | -३,८०९ | ० | १४ |
| संयुक्त अरब इमिरेट्स | ५,८९१ | -१,५२५ | ० | ५ |
| नर्वे | ५,६६३ | १५,७७२ | ० | ० |
| ट्युनिसिया | ५,५३१ | ५९,१७३ | ० | २३ |
| क्रोएसिया | ५,०७६ | -९६९ | ० | १ |
| अष्ट्रेलिया | ३,९५५ | १,१५२ | ० | ० |
| म्यासेडोनिया, उत्तर | ३,८०१ | -३,२३३ | ० | ६ |
| दक्षिण अफ्रिका | ३,२८५ | १२,४०२ | ० | ० |
| रुवाण्डा | ३,०६४ | -३,०६४ | ० | ९ |
| आयरल्याण्ड | ३,०१३ | १४,०६१ | ० | १ |
| काजाकिस्तान | २,९५९ | -२,६११ | ० | २ |
| नाइजर | २,७२६ | -२,५१९ | ० | ९ |
| साउदी अरेबिया | २,६११ | -१,८८२ | ० | ५ |
| युक्रेन | २,१६७ | -२,०१६ | ० | ४ |
| अर्जेन्टिना | १,९७५ | -१,९७५ | ० | १३ |
| कोलम्बिया | १,८४१ | -४०८ | ० | ० |
| अल्जेरिया | १,८२८ | -१,८२६ | ० | २६ |
| लिथुआनिया | १,७४६ | १,९०३ | ० | १ |
| बेलारुस | १,४४६ | -१,४३६ | ० | २ |
| मोरक्को | १,३०५ | -१,२२६ | ० | २ |
| बंगलादेश | १,२७४ | -१,२६६ | ० | २४ |
| लाटभिया | ९८७ | ८४७ | ० | १ |
| नाइजेरिया | ९०३ | -२१४ | ० | ९ |
| जिम्बाब्वे | ८९५ | -८९५ | ० | ५ |
| न्युजिल्याण्ड | ८१३ | १४,५७१ | ० | ० |
| क्यामरुन | ७९४ | -७४० | ० | १० |
| इराक | ७०७ | १४,१०६ | ० | ... |
| लक्जमबर्ग | ६९५ | १,२९५ | ० | १ |
| बोत्सवाना | ६३८ | १९० | ० | ० |
| बोस्निया र हर्जगोभिना | ५१० | ७,१६९ | ० | ८ |
| गाम्बिया | ४७३ | -४७३ | ० | ९ |
| फारो टापुहरू | ४१० | -३१४ | ० | ... |
| चिली | ४०० | -३७२ | ० | ३ |
| अल्बानिया | ३९१ | ६६७ | ० | ० |
| केम्यान टापुहरू | ३४८ | -३३२ | ० | १०२ |
| श्रीलंका | ३२० | १९५ | ० | २० |
| केन्या | २९९ | २६४ | ० | ९ |
| किर्गिजस्तान | २८८ | १,१५३ | ० | २ |
| ओमान | २६८ | -२५४ | ० | ५ |
| माल्टा | २६२ | ८९ | ० | १ |
| क्युबा | २४७ | -२४७ | ० | ६ |
| पपुवा न्यू गिनी | २४५ | -४५ | ० | ० |
| पनामा | २३८ | -१९५ | ० | ९ |
| लिबिया, राज्य | २३८ | ७,२८६ | ० | ५ |
| फकल्याण्ड टापु (माल्विनास) | २१४ | -२१४ | ० | ... |
| चाड | २०० | -२०० | ० | १० |
| सेन्ट भिन्सेन्ट र ग्रेनेडाइन्स | १९९ | -१९६ | ० | ५ |
| टर्क्स र काइकोस टापुहरू | १९६ | -१२८ | ० | ... |
| फिजी | १९३ | -१५९ | ० | ... |
| मकाउ, चीन | १९२ | -१९२ | ० | ० |
| सिरियाली अरब गणतन्त्र | १८७ | -१८७ | ० | २८ |
| तुर्कमेनिस्तान | १७३ | -१७२ | ० | ... |
| ब्रुनाई दारुसलाम | १६१ | ६७६ | ० | ० |
| जाम्बिया | १५६ | -१५६ | ० | १३ |
| पेरु | १५२ | -१५० | ० | ० |
| टिमोर-लेस्टे | १५१ | -१५१ | ० | ३ |
| म्यानमार | १५० | -१५० | ० | ३ |
| सेनेगल | १३८ | २६९ | ० | ९ |
| ब्रिटिश भर्जिन टापुहरू | १३६ | -१३६ | ० | ... |
| साइप्रस | १३६ | ४,२०७ | ० | १ |
| एल साल्भाडोर | १२७ | ५२९ | ० | ० |
| लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र | १२७ | २८७ | ० | ५ |
| कुवेत | १२५ | ८९६ | ० | ५ |
| माइक्रोनेसिया, संघीय राज्यहरू | १२४ | -१०४ | ० | ४ |
| मार्शल टापुहरू | १२१ | -१०५ | ० | ... |
| ब्रिटिश हिन्द महासागर क्षेत्र | १२१ | -१२१ | ० | ... |
| भानुअतु | ११५ | -५३ | ० | ५ |
| डोमिनिकन रिपब्लिक | ११४ | ११,४५२ | ० | १६ |
| माली | १०८ | १०,६८० | ० | ९ |
| लेसोथो | १०८ | -१०४ | ० | ० |
| सुडान | १०८ | -५० | ० | ... |
| इजिप्ट | १०५ | १३४ | ० | २ |
| कम्बोडिया | १०५ | -१०२ | ० | १४ |
| आर्मेनिया | १०२ | -१०१ | ० | २ |
| सेन्ट लुसिया | १०० | १८९ | ० | ० |
| इथियोपिया | ९६ | ४५२ | ० | ३० |
| लेबनान | ९५ | -८६ | ० | २ |
| कुराकाओ | ९३ | १,२३६ | ० | ... |
| मलावी | ९१ | ५,२९६ | ० | २४ |
| कंगो | ८५ | ७८० | ० | ५ |
| बुर्किना फासो | ८२ | २,५५३ | ० | ९ |
| अन्डोरा | ७९ | -४३ | ० | ... |
| ग्याबोन | ७१ | -६९ | ० | १० |
| भेनेजुएला, बोलिभेरियन गणतन्त्र | ७१ | १,०९५ | ० | १२ |
| ग्रीनल्याण्ड | ७० | -६९ | ० | ... |
| इरिट्रिया | ६९ | -६९ | ० | ... |
| दक्षिण सुडान | ६९ | -५९ | ० | ... |
| बोलिभिया, बहुराष्ट्रिय राज्य | ६७ | -२४ | ० | १९ |
| आइसल्याण्ड | ६७ | १,०५५ | ० | ० |
| गिनी | ६२ | ६,४४१ | ० | ९ |
| एंगुइला | ६२ | -२४ | ० | २० |
| जर्जिया | ६१ | -६१ | ० | ० |
| जिब्राल्टर | ५९ | १३ | ० | १२ |
| अजरबैजान | ५८ | -५८ | ० | ५ |
| युगान्डा | ५४ | २,७०० | ० | ९ |
| मोजाम्बिक | ५१ | -१० | ० | ६ |
| यमन | ५० | ५९,५७४ | ० | ५ |
| अंगोला | ४९ | -४१ | ० | ५० |
| तान्जानिया, संयुक्त गणतन्त्र | ४८ | ८६ | ० | ९ |
| इस्वातिनी | ४५ | -४५ | ० | ० |
| नामिबिया | ४५ | -४४ | ० | ० |
| माल्दिभ्स | ४५ | ११७ | ० | २० |
| कोट डी आइवर | ४४ | १४८ | ० | ९ |
| न्यू क्यालेडोनिया | ४३ | ८६८ | ० | ... |
| बहामास | ४२ | -२४ | ० | ४० |
| नेपाल | ४१ | ६० | ० | १५ |

*स्रोत : आइटिसी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर